विश्वका श्रमिकहरू एक होऔँ

नेपाल कम्युनिष्ट पार्टी
(एकीकृत मार्क्सवादी–लेनिनवादी)को

# विधान

## २०४९

(प्रथम विधान महाधिवेशन– २०७८,
दशौं राष्ट्रिय महाधिवेशन– २०७८
र दोस्रो विधान महाधिवेशन– २०८२ को संशोधनसहित)

*पुस्तकको नाम :*

**नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी) को विधान– २०४९**

(प्रथम विधान महाधिवेशन– २०७८ असोज १५–१७ ललितपुर,
दशौं राष्ट्रिय महाधिवेशन– २०७८ मङ्सिर १०–१४ चितवन र
दोस्रो विधान महाधिवेशन २०८२ असोज २०–२२ लतिलतपुरको संशोधनसहित)

*प्रकाशक :*
नेकपा (एमाले), केन्द्रीय कार्यालय

*मुद्रित प्रति :*
५ हजार

*प्रकाशन मिति :*
१५ कात्तिक २०८२

*मूल्य :*
रु. १००/–

*ले–आउट डिजाइन*
*तथा मुद्रण व्यवस्थापन :*
एम एस माउस, बागबजार

# विषयसूची


| | | |
|---|---|---|
| **प्रस्तावना** | | ५ |
| **अध्याय– एक** | पार्टीको नाम, झण्डा, प्रतीक चिन्ह, चुनाव चिन्ह र परिभाषा | ७ |
| **अध्याय– दुई** | सदस्यता | १० |
| **अध्याय– तीन** | केन्द्रीय निकाय | १४ |
| **अध्याय– चार** | पार्टीका प्रदेश तथा स्थानीय कमिटीहरू | २७ |
| **अध्याय– पाँच** | निर्वाचन, मनोनयन, पदरिक्तता र पदपूर्ति | ५८ |
| **अध्याय– छ** | विशेष महाधिवेशन, अधिवेशन र बैठक | ६४ |
| **अध्याय– सात** | सङ्घीय संसदीय दल, प्रदेशसभा दल र पालिकासभा दल | ६६ |
| **अध्याय– आठ** | लोकतान्त्रिक विधिको अवलम्बन र अनुशासनको पालना | ६८ |
| **अध्याय– नौ** | पार्टी कोष र सम्पत्तिको व्यवस्था | ७२ |
| **अध्याय– दश** | विविध | ७४ |
| **अनुसूची– १** | पार्टीको झण्डा | ७८ |
| **अनुसूची– २** | पार्टीको प्रतीक चिन्ह | ७८ |
| **अनुसूची– ३** | पार्टीको चुनाव चिन्ह | ७८ |
| **अनुसूची– ४** | पार्टी सदस्यको शपथको व्यहोरा | ७९ |
| **अनुसूची– ५** | पद बहाली गर्दा पदाधिकारी र सदस्यको शपथको व्यहोरा | ८० |

# प्रस्तावना

नेपाली समाजमा विद्यमान शोषण, उत्पीडन, गरिबी, अभाव, पछौटेपन र विभेद अन्त्य गर्ने, नेपाल राष्ट्रलाई सुरक्षित, सुदृढ, विकसित, आधुनिक, शान्तिपूर्ण, समृद्ध र सुविधासम्पन्न बनाउने, सुशासन र न्यायपूर्ण सामाजिक प्रबन्ध स्थापित गर्ने, लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्ने र नेपाली जनता तथा समस्त मानव जातिको बृहत्तर हित र सुरक्षा सुनिश्चित गर्ने उद्देश्यले २००६ साल वैशाख १० (तदनुसार २२ अप्रिल १९४९) मा नेपाल कम्युनिष्ट पार्टीको स्थापना भएको हो ।

नेपाली जनताको वर्गीय र सामाजिक मुक्ति, नेपालको सार्वभौमसत्ता, स्वतन्त्रता, स्वाधीनता, भौगोलिक अखण्डता र हितको रक्षा, जनतामा निहीत सार्वभौमसत्ता र लोकतान्त्रिक प्रणालीका लागि सञ्चालित सामन्तवाद–साम्राज्यवादविरोधी सङ्घर्षका क्रममा विकसित हुँदै र फुट, विभाजन तथा एकताका अनेक उतार–चढाव एवं अनुभवहरू प्राप्त गर्दै अघि बढ्ने क्रममा यो पार्टी आज नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी) को रूपमा स्थापित छ ।

यस पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद–लेनिनवाद र जनताको बहुदलीय जनवाद हो। नेपाली समाजमा विद्यमान राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीयलगायत सबै प्रकारका समस्याहरूको पहिचान र तिनको समाधानका लागि मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्दै अघि बढ्ने क्रममा जननेता मदन भण्डारीको अगुवाइमा 'जनताको बहुदलीय जनवाद' विकास भएको हो। यस नवीनतम् वैज्ञानिक सिद्धान्तले समाजवाद स्थापना र कार्यान्वयनको चरणसम्म पनि हामीलाई मार्गदर्शन गरिरहने छ ।

यो पार्टी नेपाली सर्वहारा, श्रमजीवी वर्गको राजनीतिक अगुवा र प्रतिनिधि संस्था हो । यसले शारीरिक तथा मानसिक श्रम गर्ने श्रमिक, किसान, निम्न पुँजीपति, राष्ट्रिय पुँजीपतिका साथै सम्पूर्ण जाति, भाषा, संस्कृति, भूगोल, पेशा र समुदायका जनताको हितको प्रतिनिधित्व गर्दछ । यस पार्टीको नेतृत्वदायी र निर्णायक भूमिकामा सामन्ती राजतन्त्रको अन्त्य र धर्मनिरपेक्ष तथा समावेशीतासहितको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको हो । यस पार्टीको अधिकतम् कार्यक्रम समाजवाद हो । यो पार्टी संविधानसभाबाट निर्माण भएको संविधानको रक्षा, प्रयोग र विकास गर्ने, सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने, सामन्तवादका अवशेषहरूलाई अन्त्य गर्ने, दलाल–नोकरशाही पुँजीवादी शोषण उत्पीडन र साम्राज्यवादी हस्तक्षेपलाई परास्त गर्ने, राष्ट्रिय पुँजीको विकासका साथै सामाजिक न्याय र समानतामा आधारित सामाजिक–आर्थिक रूपान्तरण गर्ने, जनताको बहुदलीय जनवाद कार्यान्वयन गर्दै समाजवादको आधार निर्माण गर्ने र नेपाली विशेषताको समाजवाद स्थापना गर्ने अर्थात 'समृद्ध नेपाल सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा एवं राष्ट्रिय गन्तव्य पूरा गर्न प्रतिबद्ध छ । यो पार्टी समाजवाद विकसित हुँदै जाँदा मानव समाज साम्यवादसम्म पुग्नेछ भन्ने विश्वास गर्दछ ।

यो पार्टी संविधानको सर्वोच्चता, विधिको शासन, बहुलवादी खुला समाज, बहुदलीय प्रतिस्पर्धा, आवधिक निर्वाचन, जनताका प्रतिनिधिद्वारा शासन प्रणालीको सञ्चालन, स्वतन्त्र न्यायपालिका र मानवअधिकारको प्रत्याभूतिलगायत लोकतन्त्रका विश्वव्यापी मूल्य–मान्यताप्रति प्रतिबद्ध छ। नेपाली समाजमा दिगो शान्ति र सामाजिक–आर्थिक क्षेत्रमा प्रगतिशील रूपान्तरणका लागि शान्तिपूर्ण बाटो र लोकतान्त्रिक विधि अवलम्बन गर्न प्रतिबद्ध छ ।

यस पार्टीका सबै सदस्यहरू समान छन् । पार्टीको सार्वभौम अधिकार सदस्यहरूमा निहीत रहनेछ। यसको प्रयोग विधानअनुसार हुनेछ। यो जनआधारित कार्यकर्ता पार्टी हो । पार्टी निर्माण र सञ्चालनमा लोकतान्त्रिक पद्धति अवलम्बन गरिनेछ । यस पार्टीले जनवादी केन्द्रीयताको सङ्गठनात्मक सिद्धान्त अवलम्बन गर्नेछ र स्वतन्त्रता र अनुशासनबीच सन्तुलन कायम गर्नेछ ।

पार्टी सदस्यले पार्टीको उद्देश्य र आदर्शअनुरूप विचार, सङ्गठन, सङ्घर्ष र उत्पादनको क्षेत्रमा सक्रिय भूमिका निर्वाह गर्नेछन्। आमजनसमुदायसँग घनिष्ट सम्बन्ध राख्दै जनसरोकारका विषयमा सक्रिय हुनेछन्। सादा एवं नैतिक जीवन र कठोर सङ्घर्षको आदर्शलाई अनुशरण गर्नेछन्। समाजमा विद्यमान सबै प्रकारका शोषण, अन्याय, अत्याचार र विभेदको समाप्ती तथा न्याय, स्वतन्त्रता, समानता, सामाजिक सद्भाव र राष्ट्रिय एकताको पक्षमा योगदान गर्नेछन्। निःस्वार्थ भावका साथ देश, जनता र पार्टीको सेवामा समर्पित हुनेछन्। दक्षिणपन्थी तथा उग्रवामपन्थी अवसरवाद र अराजकता तथा सङ्कीर्णताका विरुद्ध जुझ्नेछन् र जनतामा पार्टीका नीति, विचार स्थापित गर्नेछन्। पार्टीलाई जनआधारित, सुसङ्गठित, एकताबद्ध, अनुशासित, गतिशील र अग्रगामी राजनीतिक शक्तिको भूमिकामा स्थापित गर्न र पार्टीको एकता तथा अग्रगति सुनिश्चित गर्न समर्पित हुनेछन्।

पार्टीका उल्लिखित उद्देश्य र आदर्श कार्यान्वयन गर्न तथा पार्टीलाई व्यवस्थित रूपमा सुसञ्चालन गर्न २०७८ असोज १५–१७ मा सम्पन्न प्रथम विधान महाधिवेशन, २०७८ मङ्सिर १०–१४ मा सम्पन्न दशौं राष्ट्रिय महाधिवेशन र २०८२ भदौ २०–२२ मा सम्पन्न दोस्रो विधान महाधिवेशनबाट नेकपा (एमाले) को विधान, २०४९ मा आवश्यक संशोधन गरी यो विधान जारी गरिएको छ।

### अध्याय– एक

## पार्टीको नाम, झण्डा, प्रतीक चिन्ह, चुनाव चिन्ह र परिभाषा

**धारा– १, नाम**

(क) यस पार्टीको नाम नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी) रहनेछ। संक्षिप्तमा यसलाई नेकपा (एमाले) भनिनेछ। अङ्ग्रेजीमा Communist Party of Nepal (Unified Marxist-Leninist) र संक्षिप्तमा CPN (UML) भनिनेछ।

(ख) यो विधान तुरुन्त प्रारम्भ हुनेछ।

## धारा– २, पार्टीको झण्डा, प्रतीक चिन्ह र चुनाव चिन्ह

(क) पार्टीको झण्डा अनुसूची– १ बमोजिम हुनेछ।

(ख) पार्टीको प्रतीक चिन्ह अनुसूची– २ बमोजिम हुनेछ।

(ग) पार्टीको चुनाव चिन्ह अनुसूची– ३ बमोजिम हुनेछ।

## धारा– ३, परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा,

(क) 'पार्टी' भन्नाले नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी) लाई बुझाउनेछ।

(ख) 'विधान' भन्नाले नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी) को विधान, २०४९ (प्रथम विधान महाधिवशेन, २०७८, दशौं राष्ट्रिय महाधिवेशन, २०७८ र दोस्रो विधान महाधिवेशन, २०८२ को संशोधनसहित) लाई बुझाउनेछ।

(ग) 'श्रमजीवी वर्ग' भन्नाले शारीरिक र मानसिक श्रम गर्ने श्रमिकलाई बुझाउनेछ।

(घ) 'पार्टी सदस्य' भन्नाले यस विधानको धारा– ४, ५ र ६ बमोजिमको सदस्यलाई बुझाउनेछ।

(ङ) 'महाधिवेशन' भन्नाले यस विधानबमोजिम आयोजना गरिने राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन र विशेष महाधिवेशन समेतलाई बुझाउनेछ।

(च) 'कमिटी' भन्नाले विधानबमोजिम गठित केन्द्रीय कमिटी, प्रदेश कमिटी, जिल्ला कमिटी, पालिका/इलाका कमिटी, वडा/शाखा कमिटी, टोल/प्रारम्भिक कमिटी र सबै तहका विशेष कमिटी, सङ्गठन कमिटी तथा समन्वय कमिटी समेतलाई बुझाउनेछ।

(छ) 'पदाधिकारी' भन्नाले केन्द्रीय कमिटीका अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव र सचिवलाई बुझाउनेछ। केन्द्रीय कमिटी मातहतका सबै कमिटीको हकमा अध्यक्ष, उपाध्यक्ष, सचिव, उप–सचिव, समन्वय

कमिटीको हकमा संयोजक, सहसंयोजक र सचिवलाई बुझाउनेछ। केन्द्रीय आयोगहरू र सल्लाहकार परिषद्को हकमा अध्यक्ष, उपाध्यक्ष र सचिवलाई बुझाउनेछ।

(ज) 'केन्द्रीय निकाय' भन्नाले राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन, राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्, केन्द्रीय कमिटी, केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा आयोग, केन्द्रीय निर्वाचन आयोग र केन्द्रीय सल्लाहकार परिषद् समेतलाई बुझाउनेछ।

(झ) 'प्रदेश कमिटी' भन्नाले प्रदेश तहमा गठन हुने कमिटीलाई बुझाउनेछ। सो शब्दले काठमाडौँ उपत्यकामा गठन हुने राजधानी विशेष कमिटी र सम्पर्क विशेष कमिटीलाई समेत बुझाउनेछ।

(ञ) 'स्थानीय कमिटी' भन्नाले भौगोलिक जिल्लामा गठन हुने जिल्ला कमिटी, काठमाडौँ उपत्यकामा गठन हुने विशेष जिल्ला कमिटी, पालिका/इलाका कमिटी, वडा/शाखा कमिटी, टोल/प्रारम्भिक कमिटी तथा विधानबमोजिम गठन हुने अन्य कमिटी समेतलाई बुझाउनेछ।

(ट) 'प्रतिनिधि परिषद्' भन्नाले विधानबमोजिम गठन हुने राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्, प्रदेश अधिवेशन प्रतिनिधि परिषद्, जिल्ला अधिवेशन प्रतिनिधि परिषद्, पालिका/इलाका अधिवेशन प्रतिनिधि परिषद्, वडा/शाखा अधिवेशन प्रतिनिधि परिषद्, टोल/प्रारम्भिक अधिवेशन प्रतिनिधि परिषद् र सो सरहका प्रतिनिधि परिषद् समेतलाई बुझाउनेछ।

(ठ) 'संसदीय दल' भन्नाले विधानबमोजिम गठन हुने नेकपा (एमाले)को सङ्घीय संसदीय दललाई बुझाउनेछ।

(ड) 'प्रदेशसभा दल' भन्नाले विधानबमोजिम गठन हुने प्रदेशसभा दललाई बुझाउनेछ।

(ढ) 'पालिकासभा दल' भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाउँपालिकामा पार्टीको चुनाव चिन्हबाट निर्वाचित, मनोनित तथा पार्टीमा प्रवेश गरेका अन्य जनप्रतिनिधिहरू रहेको पालिकासभा दललाई बुझाउनेछ।

(ण) 'जनसङ्गठन समन्वय संयन्त्र' भन्नाले पार्टीको नीतिगत मार्गदर्शनमा सञ्चालन हुने तोकिएबमोजिमका जनसङ्गठनहरूको समन्वय संयन्त्रलाई बुझाउनेछ।

(त) 'संयन्त्र' भन्नाले सरोकारवाला सङ्घ, सङ्गठनमा कार्यरत पार्टी सदस्यहरूको संयन्त्रलाई बुझाउनेछ।

(थ) 'कोष' भन्नाले सम्बन्धित कमिटीको निर्णयअनुसार स्थापना गरिएको पार्टी कोषलाई बुझाउनेछ।

(द) 'तोकिए बमोजिम' भन्नाले केन्द्रीय कमिटीले तर्जूमा गर्ने नियमावली, विनियम, आचारसंहितामा तोकिएको विषयलाई बुझाउनेछ। कमिटी संख्याको हकमा सम्बन्धित महाधिवेशन/अधिवेशनबाट तोकिनेछ। सो शब्दले अन्तरपार्टी निर्देशनमा तोकिएको विषय समेतलाई बुझाउनेछ।

## अध्याय– दुई
## सदस्यता

---

**धारा– ४, पार्टी सदस्य**

(क) पार्टी सदस्य देहायबमोजिम हुनेछन् :

१. सदस्य ।
२. सङ्गठित सदस्य ।
३. मानार्थ सदस्य ।

(ख) सदस्यको योग्यता

देहायको योग्यता भएको नेपाली नागरिक सदस्य हुन सक्नेछ :

१. १८ बर्ष उमेर पुरा भएको।
२. नैतिकवान्, स्वच्छ चरित्र र असल चालचलन भएको।
३. मानसिक सन्तुलन नगुमेको।
४. फौजदारी कसुरमा सँजाय भुक्तान गरेको मितिले ६ महिनाभन्दा बढी अवधि पुरा गरेको।

५. पार्टीको नीति, विचारलाई समर्थन गर्ने ।

६. तोकिएबमोजिम सदस्यता शुल्क तिर्न तत्पर ।

(ग) सदस्यको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ :

१. साधारण सभामा सहभागी हुने ।

२. पार्टीको नीति, विचार, सुन्ने, बुझ्ने र अध्ययन गर्ने ।

३. पार्टीद्वारा आयोजना हुने सार्वजनिक कार्यक्रमहरूमा सहभागी हुने ।

४. पार्टीको पक्षमा प्रचार–प्रसार गर्ने र पार्टीको चुनाव चिन्ह सूर्यमा मतदान गर्ने ।

५. तोकिएबमोजिम सदस्यता शुल्क तिर्ने र सदस्यता नवीकरण गर्ने ।

(घ) सदस्यता प्राप्ति, समाप्ती र यससम्बन्धी अन्य व्यवस्था

सदस्यता लिनुअघि अनुसूची ४ बमोजिम सपथग्रहण गर्नु पर्नेछ । सदस्यता प्राप्त गर्ने प्रक्रिया, सदस्यताको समाप्ती र सदस्यतासम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**धारा– ५, सङ्गठित सदस्य**

(क) देहायको योग्यता भएको नेपाली नागरिक सङ्गठित सदस्य हुन सक्नेछ :

१. धारा ४ (ख) बमोजिमको योग्यता पुरा भएको ।

२. मार्क्सवाद, लेनिनवाद, जनताको बहुदलीय जनवाद र पार्टीको सिद्धान्त, कार्यक्रम तथा नीतिप्रति प्रतिबद्ध भएको ।

३. पार्टी सदस्य वा जनवर्गीय सङ्गठनको सदस्य वा पेशागत सङ्गठनको सदस्य वा सम्पर्क मञ्चको सदस्य भई कम्तिमा एक वर्ष काम गरेको ।

४. पार्टीको चुनाव चिन्हबाट निर्वाचित भई जनप्रतिनिधि संस्थामा काम गरेको ।

५. पार्टीद्वारा आयोजित राजनीतिक महत्व र जनसरोकारका कार्यक्रमहरूमा सक्रिय रहेको ।

६. तोकिएबमोजिम सङ्गठित सदस्यता शुल्क तिर्न तत्पर ।

(ख) सङ्गठित सदस्यको अधिकार र कर्तव्य

सङ्गठित सदस्यको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ :

१. पार्टी कमिटी वा निकाय वा विभाग वा जनसङ्गठन वा सम्पर्क मञ्च वा तोकिएको संयन्त्रमा सङ्गठित भई काम गर्ने ।

२. सङ्गठित सदस्यका निम्ति जारी गरिएका निर्देशन, निर्णय र दस्तावेजहरू प्राप्त गर्ने, अध्ययन गर्ने र तिनको कार्यान्वयन गर्ने ।

३. बैठक, अधिवेशन र महाधिवेशनमा चुन्ने, चुनिने र आफ्नो मत जाहेर गर्ने ।

४. पार्टीको सिद्धान्त, कार्यक्रम र नीतिको अनुशरण गर्ने, सम्बन्धित कमिटीले तोकेको जिम्मेवारी पुरा गर्ने, पार्टीद्वारा सञ्चालित आन्दोलन र अभियानमा सहभागी हुने ।

५. पार्टीको एकता, गोपनीयता, हित र प्रतिष्ठा रक्षाका लागि क्रियाशील रहने, पार्टीप्रति सदैव इमान्दार रहने र पार्टी अनुशासन पालना गर्ने ।

६. आवश्यकताअनुसार माथिल्लो कमिटीमा सुझाव पठाउने ।

७. उत्पादनशील काम, विकास निर्माण र जनसरोकारका विषयहरूमा सक्रिय रहने ।

९. तोकिएबमोजिम सङ्गठित सदस्यता शुल्क र लेबी तिर्ने र सङ्गठित सदस्यता नवीकरण गर्ने ।

(ग) सङ्गठित सदस्यताको समाप्ति र पुनः प्राप्ति

१. देहायको अवस्थामा सङ्गठित सदस्यता समाप्त हुनेछ :

(क) स्वेच्छाले सङ्गठित सदस्यता परित्याग गरेमा ।

(ख) अनुशासनात्मक कारबाहीमा परी सङ्गठित सदस्यबाट निष्कासित भएमा ।

(ग) नेपाली नागरिकता परित्याग गरेमा ।

(घ) तोकिएको समयमा सङ्गठित सदस्यता नवीकरण नगरेमा ।

(ङ) मृत्यु भएमा ।

२. नवीकरण नभएको कारण सङ्गठित सदस्यता गुमेको व्यक्ति पार्टीप्रति निष्ठावान् रहेको र सङ्गठित सदस्यको कर्तव्य निर्वाह गर्नसक्ने अवस्थामा भएमा तोकिएबमोजिमको प्रक्रिया पुरा गरी निजको सङ्गठित सदस्यता नवीकरण गर्न सकिनेछ ।

३. स्वेच्छाले सङ्गठित सदस्यता परित्याग गरेको व्यक्तिले पुनः सङ्गठित सदस्यता प्राप्त गर्न चाहेमा सुरु प्रक्रिया पुरा गर्नुपर्नेछ ।

४. अनुशासनको कारबाहीमा परी सङ्गठित सदस्यबाट निष्कासित भएको व्यक्तिले तोकिएको शर्त पुरा गरी लगातार एक वर्ष पार्टीको पक्षमा क्रियाशील रहेमा सङ्गठित सदस्यताका लागि आवेदन दिन सक्नेछ ।

(घ) सङ्गठित सदस्यता कायम हुने

१. नेपाल कम्युनिष्ट पार्टीको कुनै समूहमा सदस्यता प्राप्त गरेको व्यक्तिले आफ्नो समूह परित्याग गरी पार्टी प्रवेश गरेमा निजको सङ्गठित सदस्यता कायम हुनेछ ।

२. शारीरिक अवस्था कमजोर भएको र राजनीतिक वा झुठ्ठा मुद्दामा जेल परेको सङ्गठित सदस्य पार्टीप्रति निष्ठावान् र आस्थावान् रहँदासम्म निजको सङ्गठित सदस्यता कायम रहनेछ ।

३. पार्टीले विशेष काममा खटाएको सङ्गठित सदस्य कुनै कमिटी वा निकायमा सङ्गठित नरहे पनि निजको सङ्गठित सदस्यता कायम रहनेछ ।

(ङ) सङ्गठित सदस्यता प्राप्त गर्ने प्रक्रिया र यससम्बन्धी अन्य व्यवस्था

सङ्गठित सदस्यता प्राप्त गर्नु अगाडी अनुसूची ४ बमोजिम सपथग्रहण गर्नु पर्नेछ । सङ्गठित सदस्यता प्राप्त गर्ने प्रक्रिया र यससम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**धारा– ६, मानार्थ सदस्य**

केन्द्रीय कमिटीले सङ्गठित सदस्यता वा मानार्थ सदस्यता प्रदान गर्नसक्ने

केन्द्रीय कमिटीले देहायबमोजिमका व्यक्तिहरूलाई तोकिएबमोजिमको प्रक्रिया पुरा गरी सङ्गठित सदस्यता वा मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ :

(क) गैरकम्युनिष्ट पार्टीबाट प्रवेश गरेका तर लोकतान्त्रिक वा सामाजिक आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका प्रतिष्ठित व्यक्तिलाई सङ्गठित सदस्यता प्रदान गर्न सक्नेछ ।

(ख) कम्युनिष्ट तथा लोकतान्त्रिक आन्दोलनमा विशिष्ट भूमिका निर्वाह गरेका वा जनता र राष्ट्रको पक्षमा विशेष योगदान गरका व्यक्तिलाई मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

(ग) कम्युनिष्ट तथा लोकतान्त्रिक आन्दोलनमा वा जनता र राष्ट्रको पक्षमा विशिष्ट योगदान गरेको व्यक्तिलाई मरणोपरान्त मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

(ङ) मानार्थ सदस्यता प्राप्त गर्ने प्रक्रिया र यससम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**धारा– ७, सदस्य, सङ्गठित सदस्य र मानार्थ सदस्यको अभिलेख र नवीकरण**

सदस्य, सङ्गठित सदस्य र मानार्थ सदस्यको अभिलेख र नवीकरण तोकिएबमोजिम हुनेछ ।

## अध्याय– तीन

# केन्द्रीय निकाय

**धारा– ८, पार्टीका केन्द्रीय निकाय**

(क) पार्टीका केन्द्रीय निकाय देहायबमोजिम हुनेछन् :

१. राष्ट्रिय महाधिवेशन ।

२. विधान महाधिवेशन ।

३. राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् ।

४. केन्द्रीय कमिटी ।

५. केन्द्रीय अनुशासन आयोग ।

६. केन्द्रीय लेखा आयोग ।

७. केन्द्रीय निर्वाचन आयोग ।

८. केन्द्रीय सल्लाहकार परिषद् ।

**धारा– ९, राष्ट्रिय महाधिवेशन**

(क) राष्ट्रिय महाधिवेशन पार्टीको सर्वोच्च संस्था हुनेछ रयसको आयोजना केन्द्रीय कमिटीले समान्यतया पाँच वर्षमा गर्नेछ ।

(ख) राष्ट्रिय महाधिवेशनका प्रतिनिधि देहायबमोजिम हुनेछन् :

१. केन्द्रीय कमिटी, केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा आयोग, केन्द्रीय निर्वाचन आयोगका पदाधिकारी र सदस्यहरू ।

२. सल्लाहकार परिषद्का पदाधिकारी र सदस्यहरू मध्येबाट निर्वाचित २५ जना प्रतिनिधिहरू ।

३. तोकिएबमोजिम पार्टी सदस्यहरूबाट निर्वाचित प्रतिनिधिहरू ।

४. निर्वाचित प्रतिनिधिको पाँच प्रतिशतभन्दा बढी नहुने गरी केन्द्रीय कमिटीबाट मनोनित प्रतिनिधिहरू ।

**धारा– १०, राष्ट्रिय महाधिवेशनको अधिकार र कर्तव्य**

राष्ट्रिय महाधिवेशनको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ :

(क) राष्ट्रिय महाधिवेशन सञ्चालन गर्न अध्यक्ष मण्डल गठन गर्ने ।

(ख) केन्द्रीय कमिटीका पदाधिकारी र सदस्यहरूको निर्वाचन गर्ने ।

(ग) केन्द्रीय अनुशासन आयोग र केन्द्रीय लेखा आयोगका पदाधिकारी र सदस्यहरूको निर्वाचन गर्ने ।

(घ) केन्द्रीय कमिटीले आवश्यक ठानी राजनीतिक प्रतिवेदन वाविधान संशोधन प्रस्ताव प्रस्तुत गरेमा छलफल गरी पारित गर्ने ।

**धारा– ११, विधान महाधिवेशन**

(क) केन्द्रीय कमिटीले दुई राष्ट्रिय महाधिवेशनको बीचमा विधान महाधिवेशन आयोजना गर्नेछ ।

(ख) राष्ट्रिय महाधिवेशनका प्रतिनिधिहरू नै विधान महाधिवेशनका प्रतिनिधि हुनेछन् ।

(ग) विधान महाधिवेशनका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

१. केन्द्रीय कमिटीद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदन, सङ्गठनात्मक प्रस्ताव र विधान संशोधन प्रस्ताव माथि छलफल गरी पारित गर्ने ।

२. केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा आयोग, केन्द्रीय निर्वाचन आयोगका प्रतिवेदनहरू माथि छलफल गरी पारित गर्ने ।

३. केन्द्रीय निर्वाचन आयोगको निर्वाचन गर्ने ।

**धारा– १२, राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्**

(क) राष्ट्रिय महाधिवेशनका प्रतिनिधिहरू अर्को राष्ट्रिय महाधिवेशनका लागि प्रतिनिधि निर्वाचित नभएसम्म राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् सदस्य हुनेछन् ।

(ख) राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठक दुई राष्ट्रिय महाधिवेशनको बीचमा सामान्यतया एकपटक आयोजना गरिनेछ ।

(ग) राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ :

१. केन्द्रीय कमिटी र केन्द्रीय निकायका तर्फबाट प्रस्तुत प्रतिवेदनहरूमाथि छलफल गरी पारित गर्ने ।

२. केन्द्रीय कमिटी र केन्द्रीय निकायका समग्र कामको समीक्षा गर्ने र आवश्यकताअनुरूप निर्देशन दिने ।

## धारा– १३, केन्द्रीय कमिटी

(क) केन्द्रीय कमिटी दुई राष्ट्रिय महाधिवेशनबीचको अवधिमा पार्टीको सर्वोच्च कार्यकारी संस्था हुनेछ। यो राष्ट्रिय महाधिवेशनप्रति उत्तरदायी हुनेछ।

(ख) राष्ट्रिय महाधिवेशनले अध्यक्ष, उपाध्यक्ष ३, महासचिव, उपमहासचिव ३, सचिव ७ समेत २५१ सदस्यीय केन्द्रीय कमिटीको निर्वाचन गर्नेछ। प्रदेश कमिटीका अध्यक्ष पदेन सदस्य हुनेछन्।

(ग) केन्द्रीय कमिटीको निर्वाचनमा कम्तिमा एकतिहाई महिलासहित नेपालको विविधता प्रतिविम्बित हुनेगरी समावेशीकरण गरिनेछ।

(घ) राष्ट्रिय महाधिवेशनबाट निर्वाचित केन्द्रीय कमिटीले शपथग्रहण गरेपछि पुरानो केन्द्रीय कमिटी स्वतः विघटन हुनेछ।

## धारा– १४, केन्द्रीय कमिटीका अधिकार र कर्तव्य

केन्द्रीय कमिटीका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

(क) समग्र पार्टीको नेतृत्व र प्रतिनिधित्व गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिका सम्बन्धमा पार्टीको दृष्टिकोण र नीति तय गर्ने, राजनीतिक तथा सङ्गठनात्मक विषयमा आवश्यकताअनुसार निर्णय गर्ने, नेपालको संविधान तथा प्रचलित कानूनबमोजिम पार्टीले गर्ने भनी उल्लेख भएको कार्य गर्ने।

(ख) पदाधिकारीसहित केन्द्रीय कमिटीका सदस्यहरू मध्येबाट बढीमा एकतिहाइ सदस्य रहनेगरी पोलिट्ब्युरोको निर्वाचन गर्ने। अध्यक्षको नेतृत्वमा पदाधिकारीहरू सदस्य रहने गरी स्थायी कमिटी गठन गर्ने। केन्द्रीय कमिटीका पदाधिकारी र सदस्यहरूको बरियताक्रम तोक्ने। तोकिएबमोजिम केन्द्रीय विभाग, संयन्त्र र कार्यदल गठन गर्ने।

(ग) तीनै तहका सरकार तथा सङ्घीय संसद, प्रदेशसभा र स्थानीय तह सञ्चालनसम्बन्धी नीति निर्माण गर्ने र ती निकायमा पार्टीको तर्फबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरूलाई नेतृत्व प्रदान गर्ने। सङ्घीय संसद, प्रदेशसभा र स्थानीय तहको निर्वाचनमा नेतृत्व प्रदान गर्ने। मुलुकको भौतिक तथा मानवीय विकास र सामाजिक न्यायका लागि

आवश्यक सम्पूर्ण कार्यमा नेतृत्व गर्ने। राष्ट्र र जनताको हित रक्षाको लागि जनपरिचालन गर्ने र आवश्यकताअनुसार जनआन्दोलन र अन्य कार्यक्रम आयोजना गर्ने।

(घ) नेपाली जनतालाई पार्टी वरिपरि गोलबन्द गर्ने, प्रशिक्षित गर्ने, सङ्गठित गर्ने र परिचालन गर्ने। पार्टीका मातहत कमिटी र जनवर्गीय तथा पेशागत सङ्गठनमा रहेका सदस्यहरूलाई आवश्यक निर्देशन दिने र तिनका कार्यहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने। प्रवास क्षेत्रको कामलाई समन्वय गर्न आवश्यक नीति, विधि र संयन्त्र निर्माण गर्ने।

(ङ) राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन र राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठक आयोजना गर्ने र तिनका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने। विधानअनुरूप आफ्नो कमिटीको नियमित बैठकको आयोजना गर्ने, मातहत कमिटीको अनुगमन गर्ने।

(च) केन्द्रीय कमिटीका पदाधिकारी तथा सदस्यहरूको कार्यविभाजन र स्थानान्तरण गर्ने। केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीका निर्णयअनुरूप अन्तरपार्टी निर्देशन जारी गर्ने। पाठ्य तथा प्रचार सामाग्री तथा पुस्तक प्रकाशन गर्ने र प्रशिक्षण कार्यक्रम संचालन गर्ने।

(छ) पार्टी सदस्य र मातहत कमिटीलाई लेबी तथा शुल्क तोक्ने। विधानबमोजिम स्रोत परिचालन र व्यवस्थापन गर्ने।

(ज) अन्तर्राष्ट्रिय क्षेत्रमा पार्टीको सम्बन्ध स्थापना, विस्तार र सञ्चालन गर्ने।

(झ) अनुशासन पालना नगर्ने कमिटीलाई विधानबमोजिम विघटन गर्ने र सदस्यलाई कारबाही गर्ने। मातहत कमिटीबाट अनुशासनको कारबाहीमा परेका व्यक्ति तथा कमिटीको उजुरीमाथि निर्णय दिने। पार्टीको नीति र हितविपरीत कार्य गर्ने जनवर्गीय सङ्गठनलाई पुनर्गठन गर्ने।

(ञ) आफूमा निहित अधिकार पोलिटब्युरो वा स्थायी कमिटीमा प्रत्यायोजन गर्ने। यस विधानमा केन्द्रीय कमिटीले गर्ने भनी उल्लेख भएको कार्य गर्ने। अन्य कमिटीको अधिकार भनी नतोकिएको र प्रचलित कानूनमा पार्टीले गर्ने भनिएका सबै कार्य गर्ने।

**धारा– १५, पोलिट्ब्युरोका अधिकार र कर्तव्य**

पोलिट्ब्युरोका अधिकार कर्तव्य देहायबमोजिम हुनेछन् :

(क) केन्द्रीय कमिटीको बैठक नबसेको अवस्थामा केन्द्रीय कमिटीका निम्ति तोकिएका अधिकार र कर्तव्यको प्रयोग र पालना गर्ने ।

(ख) आफूले गरेका निर्णय तथा कार्य अनुमोदनका निम्ति केन्द्रीय कमिटीको बैठकमा प्रस्तुत गर्ने ।

(ग) केन्द्रीय कमिटीले तोकेका अन्य कार्य गर्ने ।

(घ) केन्द्रीय कमिटीप्रति उत्तरदायी रहने ।

**धारा– १६, स्थायी कमिटीका अधिकार र कर्तव्य**

स्थायी कमिटीका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

(क) केन्द्रीय कमिटी वा पोलिट्ब्युरोको बैठक नबसेको अवस्थामा केन्द्रीय कमिटीका निम्ति तोकिएका अधिकार र कर्तव्य पालना गर्ने ।

(ख) आफूले गरेका निर्णय अनुमोदनका लागि केन्द्रीय कमिटीको बैठकमा प्रस्तुत गर्ने ।

(ग) केन्द्रीय कमिटी र पोलिट्ब्युरोले तोकेका अन्य कार्य गर्ने ।

(घ) केन्द्रीय कमिटीप्रति उत्तरदायी रहने ।

**धारा– १७, केन्द्रीय कमिटीका पदाधिकारी तथा सदस्यको अधिकार र कर्तव्य**

केन्द्रीय कमिटीका पदाधिकारी तथा सदस्यहरूको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

**(क) अध्यक्षको अधिकार र कर्तव्य :**

१. प्रमुख नेता, प्रमुख प्रवक्ता तथा प्रमुख पदाधिकारीको हैसियतमा समग्र पार्टीको प्रतिनिधित्व गर्ने र पार्टीलाई नेतृत्व प्रदान गर्ने । वैचारिक तथा राजनीतिक विषयमा पार्टीको आधिकारिक दृष्टिकोण सार्वजनिक गर्ने ।

२. विधान महाधिवेशन, राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्, केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटी बैठकको अध्यक्षता गर्ने ।

३. राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन र राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्मा केन्द्रीय कमिटीको तर्फबाट र केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीको बैठकमा अध्यक्षको हैसियतले राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने ।

४. केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीको बैठक बोलाउन महासचिवलाई निर्देशन दिने। बैठकमा कार्यसूची प्रस्ताव गर्ने, बैठक सञ्चालन गर्ने, बैठकका निर्णय प्रमाणीकरण गर्ने र अन्तरपार्टी निर्देशन जारी गर्ने ।

५. राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन, राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्, केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीका निर्णयहरूको कार्यान्वयनमा नेतृत्व गर्ने ।

६. केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीले तोकेका अन्य कार्यहरू गर्ने ।

**(ख) उपाध्यक्षको अधिकार र कर्तव्य :**

१. अध्यक्षको काममा सहयोग गर्ने ।

२. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने कार्यहरू गर्ने ।

३. अध्यक्षले प्रत्यायोजन गरेका कार्यहरू गर्ने ।

४. केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीले तोकेका कार्यहरू गर्ने ।

**(ग) महासचिवको अधिकार र कर्तव्य :**

१. अध्यक्षको निर्देशनअनुरूप राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्, केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटी बैठकको कार्यसूची तयार गर्ने र बैठक बोलाउने ।

२. केन्द्रीय कमिटीको तर्फबाट राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन र राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्‌को बैठकमा र महासचिवको तर्फबाट केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीको बैठकमा सङ्गठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने ।

३. अध्यक्षको निर्देशनअनुरूप राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन र राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्‌का निर्णय कार्यान्वयन गर्न कार्ययोजना तयार गर्ने र केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीको बैठकमा प्रस्तुत गर्ने ।

४. राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन, राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्, केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीका निर्णय कार्यान्वयन गर्न अध्यक्षलाई सघाउने ।

५. केन्द्रीय कार्यालय सञ्चालन गर्ने ।

६. केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीले तोकेको अन्य कार्यहरू गर्ने ।

**(घ) उपमहासचिवको अधिकार र कर्तव्य :**

१. केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीले तोकेका कार्यहरू गर्ने ।

२ महासचिवको अनुपस्थितिमा महासचिवले गर्ने कार्यहरू गर्ने ।

३. आवश्यकताअनुसार महासचिवका कामहरूमा सहयोग गर्ने ।

**(ङ) सचिवको अधिकार र कर्तव्य :**

१. केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीले तोकेका कार्यहरू गर्ने ।

२ उपमहासचिवको अनुपस्थितिमा उपमहासचिवले गर्ने कार्यहरू गर्ने ।

३. आवश्यकताअनुसार उपमहासचिवका कामहरूमा सहयोग गर्ने ।

**(च) सदस्यको अधिकार र कर्तव्य :**

१. केन्द्रीय कमिटी, पोलिट्ब्युरो र स्थायी कमिटीले तोकेका कार्यहरू गर्ने ।

२. केन्द्रीय कमिटीले आफ्नो लागि तोकेको कार्यक्षेत्रमा केन्द्रीय कमिटीको प्रतिनिधिको हैसियतले कार्य गर्ने ।

३. पार्टीको सिद्धान्त, नीति र निर्णयको रक्षा र कार्यान्वयन गर्ने । आफ्नो कार्यक्षेत्रमा पार्टीको पक्षमा प्रचार गर्ने, पार्टीलाई सुदृढ, एकताबद्ध र गतिशील बनाउने ।

**धारा– १८, केन्द्रीय अनुशासन आयोग**

(क) राष्ट्रिय महाधिवेशनबाट अध्यक्ष, उपाध्यक्ष र सचिव समेत २५ सदस्यीय केन्द्रीय अनुशासन आयोगको निर्वाचन हुनेछ ।

(ख) आयोगको अध्यक्षको मर्यादा पोलिट्ब्युरो सदस्यसरह र अन्य पदाधिकारी तथा सदस्यहरूको मर्यादा केन्द्रीय कमिटी सदस्यसरह हुनेछ । अध्यक्षले केन्द्रीय कमिटी र पोलिट्ब्युरोको बैठकमा भाग लिनेछन् तर निजलाई मताधिकार हुनेछैन ।

(ग) आयोग राष्ट्रिय महाधिवेशन, राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् र केन्द्रीय कमिटीप्रति उत्तरदायी रहनेछ ।

(घ) आयोगका पदाधिकारी र सदस्यहरू पार्टीका अन्य कुनै कमिटी, निकाय वा जनसङ्गठनमा सङ्गठित हुने छैनन् ।

(ङ) आयोगको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ :

१. पार्टीका केन्द्रीय, प्रदेश र स्थानीय कमिटी र निकायका पदाधिकारी र सदस्यले पार्टीको निर्णय, निर्देशन र अनुशासनको पालना गरे/नगरेको अनुगमन गर्ने र अनुशासनको पालना गर्न/गराउन सम्बन्धित कमिटीलाई निर्देशन दिने ।

२. पार्टीका कुनै पनि तह वा निकायका पदाधिकारी वा सदस्यको पार्टी निर्णयविपरीतका क्रियाकलाप, आर्थिक अनियमितता र नैतिक

चरित्रसँग सम्बन्धित विषयमा प्रश्न उठी उजुरी परेमा वा जानकारी भएमा छानवीन गर्न सम्बन्धित कमिटीलाई निर्देशन दिने ।

३. केन्द्रीय कमिटीबाट भएको अनुशासनको कारबाहीमा चित्त नबुझी लिखित उजुरी वा पुनरावेदन दिने कमिटी, पदाधिकारी वा सदस्यको उजुरी वा पुनरावेदनउपर आवश्यक छानवीन तथा निर्णय गर्ने र कार्यान्वनयका लागि केन्द्रीय कमिटीमा लेखी पठाउने ।

४. अनुशासनको कारबाही र पुनरावेदनसँग सम्बन्धित निर्णयको लिखित जानकारी सरोकारवाला व्यक्ति तथा सम्बन्धित कमिटीलाई र सबै किसिमका निर्णयहरूको लिखित जानकारी केन्द्रीय कमिटीलाई दिने ।

५. पार्टीका तोकिएबमोजिमका कमिटीका पदाधिकारी र सदस्यका साथै जनप्रतिनिधिमूलक संस्था एवं लाभको पदमा रहेर काम गर्ने पार्टी सदस्यको नियुक्ति हुँदा, बहाल रहँदा र अवकाश पाउँदाको अवस्थामा सम्पत्ति विवरण लिने, अभिलेख राख्ने र आवश्यकताअनुसार छानवीन गर्ने ।

६. आवश्यकताअनुसार अनुशासनसम्बन्धी कामको सन्दर्भमा विभिन्न कमिटीका बैठक र कार्यक्रमहरूमा उपस्थित हुने ।

७. आफ्ना कामको प्रतिवेदन केन्द्रीय कमिटी, राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् र विधान महाधिवेशनमा प्रस्तुत गर्ने ।

८. आयोगका पदाधिकारी र सदस्यहरूमाथि अनुशासनको कारबाही गर्ने र निजहरूको राजीनामा स्वीकृत गर्ने ।

९. आयोगका पदाधिकारी तथा सदस्यको पद रिक्त भएमा सो पदमा मनोनयन गर्ने र अनुमोदनका लागि केन्द्रीय कमिटीसमक्ष प्रस्तुत गर्ने ।

१०. आयोगले आफ्नो कार्य–सम्पादन नियमावली आफै बनाउने ।

**धारा– १९, केन्द्रीय लेखा आयोग**

(क) राष्ट्रिय महाधिवेशनबाट अध्यक्ष, उपाध्यक्ष र सचिव समेत २५ सदस्यीय केन्द्रीय लेखा आयोगको निर्वाचन हुनेछ ।

(ख) आयोगको अध्यक्षको मर्यादा पोलिट्ब्युरो सदस्यसरह र अन्य पदाधिकारी तथा सदस्यहरूको मर्यादा केन्द्रीय कमिटी सदस्यसरह हुनेछ । अध्यक्षले केन्द्रीय कमिटी र पोलिट्ब्युरोको बैठकमा भाग लिनेछन् तर निजलाई मताधिकार हुनेछैन ।

(ग) आयोग महाधिवेशन, राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् र केन्द्रीय कमिटीप्रति उत्तरदायी रहनेछ ।

(घ) आयोगका पदाधिकारी र सदस्यहरू पार्टीका अन्य कुनै कमिटी, निकाय वा जनसङ्गठनमा सङ्गठित हुने छैनन् ।

(ङ) आयोगको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ :

१. केन्द्रीय कमिटी, निकाय र विभागहरूको आय–व्ययको नियमित अनुगमन र वार्षिक रूपमा लेखापरीक्षण गर्ने ।

२. आवश्यकताअनुसार लेखापरीक्षक तथा विज्ञहरू नियुक्त गरी लेखापरीक्षण प्रतिवेदन तयार पार्ने र कार्यान्वयनका लागि केन्द्रीय कमिटीमा प्रस्तुत गर्ने ।

३. पार्टीका प्रदेश कमिटी, जिल्ला कमिटी, पालिका कमिटी र जनसङ्गठनका केन्द्रीय कमिटीको लेखापरीक्षण गर्ने ।

४. आवश्यकताअनुसार पार्टीका अन्य स्थानीय कमिटीहरूको समेत आय–व्ययको निरीक्षण गरी सुझावसहितको प्रतिवेदन केन्द्रीय कमिटीमा प्रस्तुत गर्ने ।

५. लेखा तथा आर्थिक व्यवस्थापनसम्बन्धी नियमावली बनाई कार्यान्वयनका लागि केन्द्रीय कमिटीमा पेस गर्ने ।

६. केन्द्रीय कार्यालयसँग संयोजन गरी लेखा तथा आर्थिक व्यवस्थापनसम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने ।

७. आवश्यकताअनुसार लेखासम्बन्धी कामको सन्दर्भमा विभिन्न कमिटीका बैठक र कार्यक्रमहरूमा उपस्थित हुने ।

८. आफ्ना कामको प्रतिवेदन केन्द्रीय कमिटी, राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् र विधान महाधिवेशनमा प्रस्तुत गर्ने ।

९. आफ्नो कमिटीका पदाधिकारी र सदस्यहरूमाथि अनुशासनात्मक कारबाही गर्ने र निजहरूको राजीनामा स्वीकृत गर्ने ।

१०. आयोगका पदाधिकारी तथा सदस्यको पद रिक्त भएमा सो पदमा मनोनयन गर्ने र अनुमोदनका लागि केन्द्रीय कमिटीसमक्ष प्रस्तुत गर्ने ।

११. आयोगले आफ्नो कार्य–सम्पादन नियमावली आफै बनाउने ।

**धारा– २०, केन्द्रीय निर्वाचन आयोग**

(क) विधान महाधिवेशनबाट अध्यक्ष, उपाध्यक्ष र सचिव समेत २५ सदस्यीय केन्द्रीय निर्वाचन आयोगको निर्वाचन हुनेछ ।

(ख) आयोगको अध्यक्षको मर्यादा पोलिट्ब्युरो सदस्यसरह र अन्य पदाधिकारी तथा सदस्यहरूको मर्यादा केन्द्रीय कमिटी सदस्यसरह हुनेछ । अध्यक्षले केन्द्रीय कमिटी र पोलिट्ब्युरोको बैठकमा भाग लिनेछन् तर निजलाई मताधिकार हुनेछैन ।

(ग) आयोग महाधिवेशन, राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् र केन्द्रीय कमिटीप्रति उत्तरदायी रहनेछ ।

(घ) आयोगका पदाधिकारी र सदस्यहरू पार्टीका अन्य कुनै कमिटी, निकाय वा जनसङ्गठनमा सङ्गठित हुने छैनन् ।

(ङ) आयोगको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

१. केन्द्रीय कमिटी र केन्द्रीय आयोगहरूको (केन्द्रीय निर्वाचन आयोगबाहेक) निर्वाचन सम्पन्न गराउने ।

२. प्रदेश कमिटी र जिल्ला कमिटीका पदाधिकारी एवं सदस्यहरूको निर्वाचन गराउने ।

३. जिल्ला मातहतका कमिटीका पदाधिकारी एवं सदस्यहरूको निर्वाचनसम्बन्धी कार्यको मार्गदर्शन र अनुगमन गर्ने ।

४. पार्टीका जनसङ्गठनको निर्वाचनमा सहजीकरण गर्ने ।

५. आवश्यकताअनुसार निर्वाचनसम्बन्धी कामको सन्दर्भमा पार्टीका प्रदेश तथा स्थानीय कमिटी र जनसङ्गठनका बैठक, अधिवेशन र राष्ट्रिय महाधिवेशनहरूमा उपस्थित हुने ।

६. आफ्ना कामको प्रतिवेदन केन्द्रीय कमिटी, राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् र विधान महाधिवेशनमा प्रस्तुत गर्ने ।

७. आयोगका पदाधिकारी र सदस्यहरूमाथि अनुशासनको कारबाही गर्ने र निजहरूको राजीनामा स्वीकृत गर्ने ।

८. आयोगका पदाधिकारी तथा सदस्यको पद रिक्त भएमा सो पदमा मनोनयन गर्ने र अनुमोदनका लागि केन्द्रीय कमिटीसमक्ष प्रस्तुत गर्ने ।

९. पार्टीको निर्वाचनसम्बन्धी नियमावली निर्माण गरी कार्यान्वयन गर्ने/गराउने ।

**धारा– २१, केन्द्रीय सल्लाहकार परिषद्**

(क) केन्द्रीय कमिटीले अध्यक्ष, उपाध्यक्ष र सचिवसहित आफ्नो कमिटीको कूल सदस्य सङ्ख्याभन्दा बढी नहुने गरी केन्द्रीय सल्लाहकार परिषद् गठन गर्नेछ । केन्द्रीय सल्लाहकार परिषद् केन्द्रीय कमिटीप्रति उत्तरदायी हुनेछ ।

(ख) सल्लाहकार परिषद्का अध्यक्षको मर्यादा पोलिट्ब्युरो सदस्यसरह र उपाध्यक्ष, सचिव र सदस्यहरूको मर्यादा केन्द्रीय कमिटीको सदस्यसरह हुनेछ। अध्यक्षले केन्द्रीय कमिटी र पोलिट्ब्युरोको बैठकमा भाग लिनेछन् तर निजलाई मताधिकार हुनेछैन ।

(ग) केन्द्रीय सल्लाहकार परिषद्को अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ :

१. सल्लाहकार परिषद्को अध्यक्षले पार्टी अध्यक्षसँग परामर्श गरी बैठक बोलाउन सचिवलाई निर्देशन दिने र बैठकको अध्यक्षता गर्ने ।

२. आवश्यकताअनुसार केन्द्रीय कमिटीलाई विभिन्न विषयमा सल्लाह र सुझाव दिने ।

३. केन्द्रीय कमिटीले तोकेका अन्य कार्य गर्ने ।

## अध्याय– चार

# पार्टीका प्रदेश तथा स्थानीय कमिटीहरू

### धारा– २२, पार्टीका प्रदेश र स्थानीय कमिटीहरू

सामान्यतया देशको राजनीतिक तथा प्रशासनिक विभाजन र नामाकरणअनुरूप पार्टीका प्रदेश तथा स्थानीय कमिटीको गठन र नामाकरण गरिनेछ। काठमाडौँ उपत्यकाअन्तर्गतमा भुगोलका तीन जिल्ला र विशेष जिल्ला कमिटी कार्यक्षेत्र भएको प्रदेशस्तरीय राजधानी विशेष कमिटी, तोकिएबमोजिमका विशेष जिल्ला कमिटी र मातहत कमिटी रहनेछन्। त्यसैगरी प्रदेशस्तरीय सम्पर्क विशेष कमिटी र त्यसको मातहतमा प्रदेश सम्पर्क कमिटी, जिल्ला सम्पर्क कमिटी र पालिकास्तरमा सम्पर्क मञ्च रहनेछन्। पार्टीका प्रदेश तथा स्थानीय कमिटीको सङ्गठनात्मक ढाँचा र नामाकरण देहायबमोजिम हुनेछ :

(क) प्रदेश कमिटी/राजधानी विशेष कमिटी/सम्पर्क विशेष कमिटी।

(ख) प्रदेश अधिवेशन प्रतिनिधि परिषद्/राजधानी विशेष अधिवेशन प्रतिनिधि परिषद्/सम्पर्क विशेष अधिवेशन प्रतिनिधि परिषद्।

(ग) जिल्ला कमिटी/विशेष जिल्ला कमिटी/प्रदेश सम्पर्क कमिटी।

(घ) जिल्ला अधिवेशन प्रतिनिनिधि परिषद्/विशेष जिल्ला अधिवेशन प्रतिनिधि परिषद्/प्रदेश सम्पर्क विशेष अधिवेशन प्रतिनिधि परिषद्।

(ङ) पालिका/इलाका कमिटी।

(च) पालिका/इलाका अधिवेशन प्रतिनिधि परिषद्।

(छ) वडा/शाखा कमिटी।

(ज) वडा/शाखा अधिवेशन प्रतिनिधि परिषद्।

(झ) टोल/प्रारम्भिक कमिटी।

(ञ) टोल/प्रारम्भिक अधिवेशन प्रतिनिधि परिषद्।

**धारा– २३, प्रदेश अधिवेशन**

(क) प्रदेश कमिटीले सामान्यतया हरेक चारवर्षमा प्रदेश अधिवेशन आयोजना गर्नेछ।

(ख) प्रदेश अधिवेशनमा देहायबमोजिमका प्रतिनिधि सहभागी हुनेछन् :

१. प्रदेश कमिटीका पदाधिकारी र सदस्यहरू।

२. सल्लाहकार परिषद्का पदाधिकारी र सदस्यहरू मध्येबाट निर्वाचित २५ जना प्रतिनिधिहरू।

३. प्रदेश कमिटीले तोकेबमोजिम पार्टी सदस्यबाट निर्वाचित प्रतिनिधिहरू।

४. निर्वाचित प्रतिनिधिको पाँच प्रतिशतमा नबढ्ने गरी प्रदेश कमिटीबाट मनोनित प्रतिनिधिहरू।

**धारा– २४, प्रदेश अधिवेशनका अधिकार र कर्तव्य**

प्रदेश अधिवेशनका अधिकार र कर्तव्य देहायबमोजिम् हुनेछन् :

(क) अधिवेशन सञ्चालन गर्न अध्यक्ष मण्डल गठन गर्ने।

(ख) प्रदेश कमिटीको तर्फबाट प्रस्तुत राजनीतिक, सङ्गठनात्मक र आर्थिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने।

(ग) प्रदेश कमिटीको लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने।

(घ) प्रदेश कमिटीका पदाधिकारी तथा सदस्यहरूको निर्वाचन गर्ने ।

**धारा– २५, प्रदेश कमिटी**

(क) प्रदेश कमिटी दुई अधिवेशनबीचको अवधिमा प्रदेशभित्र पार्टीको प्रमुख कार्यकारी संस्था हुनेछ। प्रदेश कमिटी प्रदेश अधिवेशनप्रति उत्तरदायी हुनेछ।

(ख) प्रदेश अधिवेशनले पदाधिकारीमा कम्तिमा एक महिलासहित अध्यक्ष, उपाध्यक्ष, सचिव, उपसचिव– २ समेत खण्ड (ग) मा तोकिएबमोजिमका

सदस्यहरू रहेको प्रदेश कमिटीको निर्वाचन गर्नेछ। प्रदेश मातहतका जिल्ला कमिटीका अध्यक्षहरू प्रदेश कमिटीका पदेन सदस्य हुनेछन्।

(ग) प्रदेश कमिटीको सदस्य सङ्ख्या र प्रतिनिधित्वको आधार तोकिएबमोजिम हुनेछ।

(घ) प्रदेश कमिटीमा कम्तिमा एकतिहाइ महिलासहित प्रदेशको विविधता प्रतिविम्बित हुनेगरी समावेशीकरण गरिनेछ।

(ङ) अधिवेशनबाट निर्वाचित प्रदेश कमिटीले शपथग्रहण गरेपछि पुरानो कमिटी स्वतः विघटन हुनेछ।

**धारा– २६, प्रदेश कमिटीका अधिकार र कर्तव्य**

प्रदेश कमिटीका अधिकार र कर्तव्यहरू देहायबमोजिम हुनेछन् :

(क) कमिटीको कूल सदस्य सङ्ख्याको पच्चीस प्रतिशतभन्दा बढी नहुने गरी सचिवालय गठन गर्ने। तोकिएबमोजिमका विभाग, संयन्त्र र कार्यदल गठन गर्ने, तिनको काम, कर्तव्य र अधिकार तोक्ने।

(ख) अध्यक्ष, उपाध्यक्ष र सचिवसहित आफ्नो कमिटीको कूल सदस्य सङ्ख्याभन्दा बढी नहुने गरी प्रदेश सल्लाहकार परिषद् गठन गर्ने र काम, कर्तव्य, अधिकार तोक्ने।

(ग) आफ्नो तहको अधिवेशन र अधिवेशन प्रतिनिधि परिषद्को बैठक आयोजना गर्ने र तिनका निर्णयहरू कार्यान्वयन गर्ने/गराउने। विधानअनुरूप कमिटीको नियमित बैठकको आयोजना गर्ने।

(घ) आफ्नो कार्यक्षेत्रमा समग्र पार्टी कामको नेतृत्व गर्ने। महाधिवेशन र केन्द्रीय कमिटीका निर्णयको प्रतिकूल नहुने गरी आफ्नो कार्यक्षेत्रअन्तर्गत राजनीतिक र सङ्गठनात्मक विषयमा निर्णय गर्ने। आफ्नो कमिटीको निर्णय र माथिल्लो कमिटीका निर्देशन कार्यान्वयन गर्ने र गराउने।

(ङ) कमिटीका पदाधिकारी तथा सदस्यहरूको कार्यविभाजन र आवश्यकताअनुसार स्थानान्तरण गर्ने। आफ्नो कमिटीका आवश्यक निर्णय कार्यान्वयनका लागि मातहत कमिटी एवं सदस्यहरूलाई

अन्तरकमिटी निर्देशन जारी गर्ने। आफ्नो कमिटीको निर्णय र कामको प्रतिवेदन माथिल्लो कमिटीमा पठाउने र अनुमोदन गर्नुपर्ने भनी विधानमा उल्लेख भएको विषय अनुमोदन भएपछि कार्यान्वयन गर्ने/गराउने।

(च) एक तह मातहत कमिटीलाई लेबी तथा शुल्क तोक्ने। माथिल्लो कमिटीले तोकेको शुल्क र लेबी बुझाउने, पार्टी प्रकाशन बिक्री–वितरण गर्ने। विधानबमोजिमको आर्थिक स्रोत परिचालन र व्यवस्थापन गर्ने।

(छ) आफ्नो कार्यक्षेत्रमा सङ्घीय संसद्, प्रदेशसभा तथा स्थानीय तहको निर्वाचन परिचालन गर्ने। पार्टी नीतिअनुरूप प्रदेशसभा तथा स्थानीय तहमा पार्टीका तर्फबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरूलाई प्रदेशसभा संसदीय दल तथा पालिकासभा दलमार्फत् नेतृत्व प्रदान गर्ने। आफ्नो प्रदेशको भौतिक, मानवीयलगायत समग्र विकास, सामाजिक–आर्थिक रूपान्तरण र सामाजिक न्यायका लागि योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा संयोजन गर्ने। यसका लागि पार्टीको तर्फबाट निर्वाचित जनप्रतिनिधि, मातहतको पार्टी कमिटी, पार्टी सदस्य र आमजनसमुदायलाई परिचालित गर्ने। राष्ट्र, जनता र लोकतन्त्रको पक्षमा जनपरिचालन गर्ने, आवश्यकताअनुसार जनआन्दोलन वा अन्य कार्यक्रम आयोजना गर्ने।

(ज) आफ्नो कार्यक्षेत्रभित्रका जनतालाई पार्टीमा गोलबन्द, प्रशिक्षित र सङ्गठित गर्ने। पार्टीका मातहत कमिटी, जनवर्गीय तथा पेशागत सङ्गठन र सदस्यहरूलाई आवश्यक निर्देशन दिने र तिनका कार्यहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने। आवश्यकता र औचित्यका आधारमा मातहत कमिटीको निर्णय अनुमोदन गर्ने।

(झ) अनुशासन पालना नगर्ने मातहत कमिटीलाई विधानबमोजिम विघटन गर्ने र त्यस्तो निर्णय केन्द्रीय कमिटीबाट अनुमोदन भएपछि लागू गर्ने। आफ्नो कमिटीका पदाधिकारी तथा सदस्यलाई अनुशासनको कारबाही गर्ने। अनुशासनको कारबाहीमा परेका मातहतका व्यक्ति तथा कमिटीको उजुरीमाथि निर्णय दिने।

(ञ) पार्टीको विधान, नियमावली, विनियम तथा प्रचलित कानूनमा प्रदेश कमिटीले गर्ने भनिएको कार्य गर्ने।

**धारा– २७, प्रदेश अधिवेशन प्रतिनिधि परिषद्**

(क) प्रदेश अधिवेशनका प्रतिनिधिहरू प्रदेश अधिवेशन प्रतिनिधि परिषद्का सदस्य हुनेछन्। प्रदेश अधिवेशन प्रतिनिधि परिषद् बैठकको अध्यक्षता प्रदेश कमिटीका अध्यक्षले गर्नेछन्।

(ख) प्रदेश अधिवेशन प्रतिनिधि परिषद्को अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ :

१. प्रदेश कमिटीका तर्फबाट प्रस्तुत राजनीतिक, सङ्गठनात्मक र आर्थिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने।

२. प्रदेश कमिटीको लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने।

३. प्रदेश कमिटीका कार्यहरूको आवधिक समीक्षा गरी आवश्यक निर्देशन दिने।

४. प्रदेश कमिटीको योजना निर्माण गर्न सुझाव दिने।

**धारा– २८, जिल्ला अधिवेशन**

(क) जिल्ला कमिटीले सामान्यतया हरेक तीन वर्षमा जिल्ला अधिवेशनको आयोजना गर्नेछ।

(ख) जिल्ला अधिवेशनका प्रतिनिधि देहायबमोजिम हुनेछन् :

१. जिल्ला कमिटीका पदाधिकारी र सदस्यहरू।

२. सल्लाहकार परिषद्का पदाधिकारी र सदस्यहरू मध्येबाट निर्वाचित २५ जना प्रतिनिधिहरू।

३. जिल्ला कमिटीले तोकेबमोजिम पार्टी सदस्यबाट निर्वाचित प्रतिनिधिहरू।

४. निर्वाचित प्रतिनिधिको पाँच प्रतिशतमा नबढ्ने गरी जिल्ला कमिटीबाट मनोनित प्रतिनिधिहरू।

**धारा– २९, जिल्ला अधिवेशनको अधिकार र कर्तव्य**

जिल्ला अधिवेशनको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ :

(क) अधिवेशन सञ्चालन गर्न अध्यक्ष मण्डल गठन गर्ने ।

(ख) जिल्ला कमिटीको तर्फबाट प्रस्तुत राजनीतिक, सङ्गठनात्मक र आर्थिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

(ग) जिल्ला कमिटीको लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

(घ) जिल्ला कमिटीका पदाधिकारी र सदस्यको निर्वाचन गर्ने ।

**धारा– ३०, जिल्ला कमिटी**

(क) जिल्ला कमिटी दुई अधिवेशनबीचको अवधिमा आफ्नो कार्यक्षेत्रभित्र पार्टीको प्रमुख कार्यकारी संस्था हुनेछ। जिल्ला कमिटी जिल्ला अधिवेशनप्रति उत्तरदायी हुनेछ ।

(ख) जिल्ला अधिवेशनले पदाधिकारीमा कम्तिमा एक महिलासहित अध्यक्ष, उपाध्यक्ष, सचिव, उपसचिव– २ र खण्ड (ग) मा तोकिएबमोजिमका सदस्यहरू रहेको जिल्ला कमिटीको निर्वाचन गर्नेछ । जिल्ला मातहतका पालिका/इलाका कमिटीका अध्यक्षहरू जिल्ला कमिटीका पदेन सदस्यहरू हुनेछन् ।

(ग) जिल्ला कमिटीको सदस्य सङ्ख्या र प्रतिनिधित्वको आधार तोकिएबमोजिम हुनेछ ।

(घ) जिल्ला कमिटीमा कम्तिमा एकतिहाइ महिलासहित जिल्लाको विविधता प्रतिविम्बित हुने गरी समावेशीकरण गरिनेछ ।

(ङ) अधिवेशनबाट निर्वाचित कमिटीले शपथग्रहण गरेपछि पुरानो कमिटी स्वतः विघटन हुनेछ ।

## धारा– ३१, जिल्ला कमिटीका अधिकार र कर्तव्य

जिल्ला कमिटीका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

(क) कमिटीको कूल सदस्य सङ्ख्याको पच्चीस प्रतिशतभन्दा बढी नहुने गरी सचिवालय गठन गर्ने। तोकिएबमोजिमका विभाग, संयन्त्र र कार्यदल गठन गर्ने, तिनको काम, कर्तव्य र अधिकार तोक्ने।

(ख) अध्यक्ष, उपाध्यक्ष र सचिवसहित आफ्नो कमिटीको कूल सदस्य सङ्ख्याभन्दा बढी नहुने गरी जिल्ला सल्लाहकार परिषद् गठन गर्ने र काम, कर्तव्य, अधिकार तोक्ने।

(ग) आफ्नो तहको अधिवेशन र अधिवेशन प्रतिनिधि परिषद्को बैठक आयोजना गर्ने र तिनका निर्णयहरू कार्यान्वयन गर्ने/गराउने। विधानअनुरूप कमिटीको नियमित बैठकको आयोजना गर्ने।

(घ) आफ्नो कार्यक्षेत्रमा समग्र पार्टी कामको नेतृत्व गर्ने। महाधिवेशन र केन्द्रीय कमिटीका निर्णयको प्रतिकूल नहुने गरी आफ्नो कार्यक्षेत्रअन्तर्गत राजनीतिक र सङ्गठनात्मक विषयमा निर्णय गर्ने। आफ्नो कमिटीको निर्णय र माथिल्लो कमिटीका निर्देशन कार्यान्वयन गर्ने र गराउने।

(ङ) कमिटीका पदाधिकारी तथा सदस्यहरूको कार्यविभाजन र आवश्यकताअनुसार स्थानान्तरण गर्ने। आफ्नो कमिटीका आवश्यक निर्णय कार्यान्वयनका लागि मातहत कमिटी एवं सदस्यहरूलाई अन्तरकमिटी निर्देशन जारी गर्ने। आफ्नो कमिटीको निर्णय र कामको प्रतिवेदन माथिल्लो कमिटीमा पठाउने र अनुमोदन गर्नुपर्ने भनी विधानमा उल्लेख भएको विषय अनुमोदन भएपछि कार्यान्वयन गर्ने/गराउने।

(च) एक तह मातहत कमिटीलाई लेबी तथा शुल्क तोक्ने। माथिल्लो कमिटीले तोकेको शुल्क र लेबी बुझाउने, पार्टी प्रकाशन बिक्री–वितरण गर्ने। विधानबमोजिम आर्थिक स्रोत परिचालन र व्यवस्थापन गर्ने।

(छ) आफ्नो कार्यक्षेत्रमा सङ्घीय संसद्, प्रदेशसभा तथा स्थानीय तहको निर्वाचन परिचालन गर्ने। पार्टी नीतिअनुरूप स्थानीय तहमा पार्टीका तर्फबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरूलाई पालिकासभा दलमार्फत

नेतृत्व प्रदान गर्ने। आफ्नो जिल्लाको भौतिक, मानवीयलगायत समग्र विकास, सामाजिक–आर्थिक रूपान्तरण र सामाजिक न्यायका लागि योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा संयोजन गर्ने। यसका लागि पार्टीको तर्फबाट निर्वाचित जनप्रतिनिधि, मातहतको पार्टी कमिटी, पार्टी सदस्य र आमजनसमुदायलाई परिचालित गर्ने। राष्ट्र, जनता र लोकतन्त्रको पक्षमा जनपरिचालन गर्ने, आवश्यकताअनुसार जनआन्दोलन वा अन्य कार्यक्रम आयोजना गर्ने।

(ज) आफ्नो कार्यक्षेत्रभित्रका जनतालाई पार्टीमा गोलबन्द, प्रशिक्षित र सङ्गठित गर्ने। पार्टीका मातहत कमिटी, जनवर्गीय तथा पेशागत सङ्गठन र सदस्यहरूलाई आवश्यक निर्देशन दिने र तिनका कार्यहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने। आवश्यकता र औचित्यका आधारमा मातहत कमिटीको निर्णय अनुमोदन गर्ने।

(झ) अनुशासन पालना नगर्ने मातहत कमिटीलाई विधानबमोजिम विघटन गर्ने र त्यस्तो निर्णय प्रदेश कमिटीबाट अनुमोदन भएपछि लागू गर्ने। आफ्नो कमिटीका पदाधिकारी तथा सदस्यलाई अनुशासनको कारबाही गर्ने। अनुशासनको कारबाहीमा परेका मातहतका व्यक्ति तथा कमिटीको उजुरीमाथि निर्णय दिने।

(ञ) पार्टीको विधान, नियमावली, विनियम तथा प्रचलित कानूनमा जिल्ला कमिटीले गर्ने भनिएको कार्य गर्ने।

## धारा– ३२, जिल्ला अधिवेशन प्रतिनिधि परिषद्

(क) जिल्ला अधिवेशनका प्रतिनिधिहरू जिल्ला अधिवेशन प्रतिनिधि परिषद् सदस्य हुनेछन्। जिल्ला अधिवेशन प्रतिनिधि परिषद् बैठकको अध्यक्षता जिल्ला कमिटीका अध्यक्षले गर्नेछन्।

(ख) जिल्ला अधिवेशन प्रतिनिधि परिषद्का अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

१. जिल्ला कमिटीको तर्फबाट प्रस्तुत राजनीतिक, सङ्गठनात्मक तथा आर्थिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने।

२. जिल्ला कमिटीको लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

३. जिल्ला कमिटीका कार्यहरूको समग्र समीक्षा गरी आवश्यक निर्देशन दिने ।

४. जिल्ला कमिटीको योजना निर्माण गर्न सुझाव दिने ।

**धारा– ३३, पालिका/इलाका अधिवेशन**

(क) पालिका/इलाका कमिटीले सामान्यतया हरेक तीन वर्षमा आफ्नो तहको अधिवेशन आयोजना गर्नेछ ।

(ख) पालिका/इलाका अधिवेशनको प्रतिनिधित्व तोकिएबमोजिम हुनेछ ।

**धारा– ३४, पालिका/इलाका अधिवेशनका अधिकार र कर्तव्य**

पालिका/इलाका अधिवेशनका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

(क) अधिवेशन सञ्चालन गर्न अध्यक्ष मण्डल गठन गर्ने ।

(ख) पालिका/इलाकाको तर्फबाट प्रस्तुत राजनीतिक, सङ्गठनात्मक र आर्थिक प्रतिवेदनहरू माथि छलफल गरी पारित गर्ने ।

(ग) पालिका/इलाका कमिटीको लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

(घ) पालिका/इलाका कमिटीका पदाधिकारी तथा सदस्यको निर्वाचन गर्ने ।

**धारा– ३५, पालिका/इलाका कमिटी**

(क) पालिका/इलाका कमिटी दुई अधिवेशनबीचको अवधिमा आफ्नो कार्यक्षेत्रमा पार्टीको प्रमुख कार्यकारी संस्था हुनेछ । पालिका/इलाका कमिटी आफ्नो तहको अधिवेशनप्रति उत्तरदायी रहनेछ ।

(ख) पालिका/इलाका अधिवेशनले पदाधिकारीमा कम्तिमा एक महिलासहित अध्यक्ष, उपाध्यक्ष, सचिव, उपसचिव– २ र खण्ड (ग) मा उल्लिखित अधिकतम् सङ्ख्या नबढ्ने गरी सदस्यहरू रहेको पालिका/इलाका

कमिटी निर्वाचन गर्नेछ। पालिका/इलाका मातहतका वडा/शाखा कमिटीका अध्यक्षहरू पालिका/इलाका कमिटीका पदेन सदस्य हुनेछन् ।

(ग) महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका र इलाका कमिटीको सदस्य सङ्ख्या तोकिएबमोजिम हुनेछ ।

(घ) पालिका/इलाका कमिटी कम्तिमा एकतिहाई महिलासहित पालिका/इलाकाको विविधता प्रतिविम्बित हुनेगरी समावेशीकरण हुनुपर्नेछ ।

(ङ) अधिवेशनबाट निर्वाचित कमिटीले शपथग्रहण गरेपछि पुरानो कमिटी स्वतः विघटन हुनेछ ।

**धारा– ३६, पालिका/इलाका कमिटीका अधिकार र कर्तव्य**

पालिका/इलाका कमिटीका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

(क) कमिटीको कूल सदस्य सङ्ख्याको पच्चीस प्रतिशतभन्दा बढी नहुने गरी सचिवालय गठन गर्ने। तोकिएबमोजिमका विभाग, संयन्त्र र कार्यदल गठन गर्ने, तिनको काम, कर्तव्य र अधिकार तोक्ने ।

(ख) अध्यक्ष, उपाध्यक्ष र सचिवसहित आफ्नो कमिटीको कूल सदस्य सङ्ख्याभन्दा बढी नहुने गरी पालिका/इलाका सल्लाहकार परिषद् गठन गर्ने र काम, कर्तव्य, अधिकार तोक्ने ।

(ग) आफ्नो तहको अधिवेशन र अधिवेशन प्रतिनिधि परिषद्को बैठक आयोजना गर्ने र तिनका निर्णयहरू कार्यान्वयन गर्ने/गराउने। विधानअनुरूप कमिटीको नियमित बैठकको आयोजना गर्ने ।

(घ) आफ्नो कार्यक्षेत्रमा समग्र पार्टी कामको नेतृत्व गर्ने। महाधिवेशन र केन्द्रीय कमिटीका निर्णयको प्रतिकूल नहुने गरी आफ्नो कार्यक्षेत्रअन्तर्गत राजनीतिक र सङ्गठनात्मक विषयमा निर्णय गर्ने। आफ्नो कमिटीको निर्णय र माथिल्लो कमिटीका निर्देशन कार्यान्वयन गर्ने र गराउने ।

(ङ) कमिटीका पदाधिकारी तथा सदस्यहरूको कार्यविभाजन र आवश्यकताअनुसार स्थानान्तरण गर्ने। आफ्नो कमिटीका आवश्यक निर्णय कार्यान्वयनका लागि मातहत कमिटी एवं सदस्यहरूलाई

अन्तरकमिटी निर्देशन जारी गर्ने। आफ्नो कमिटीको निर्णय र कामको प्रतिवेदन माथिल्लो कमिटीमा पठाउने र अनुमोदन गर्नुपर्ने भनी विधानमा उल्लेख भएको विषय अनुमोदन भएपछि कार्यान्वयन गर्ने/गराउने।

(च) एक तह मातहत कमिटीलाई लेबी तथा शुल्क तोक्ने। माथिल्लो कमिटीले तोकेको शुल्क र लेबी बुझाउने, पार्टी प्रकाशन बिक्री–वितरण गर्ने। विधानबमोजिम आर्थिक स्रोत परिचालन र व्यवस्थापन गर्ने।

(छ) आफ्नो कार्यक्षेत्रमा सङ्घीय संसद्, प्रदेशसभा तथा स्थानीय तहको निर्वाचन परिचालन गर्ने। पार्टी नीतिअनुरूप स्थानीय तहमा पार्टीका तर्फबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरूलाई पालिकासभा दलमार्फत नेतृत्व प्रदान गर्ने। आफ्नो जिल्लाको भौतिक, मानवीयलगायत समग्र विकास, सामाजिक–आर्थिक रूपान्तरण र सामाजिक न्यायका लागि योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा संयोजन गर्ने। यसका लागि पार्टीको तर्फबाट निर्वाचित जनप्रतिनिधि, मातहतको पार्टी कमिटी, पार्टी सदस्य र आमजनसमुदायलाई परिचालित गर्ने। राष्ट्र, जनता र लोकतन्त्रको पक्षमा जनपरिचालन गर्ने, आवश्यकताअनुसार जनआन्दोलन वा अन्य कार्यक्रम आयोजना गर्ने।

(ज) आफ्नो कार्यक्षेत्रभित्रका जनतालाई पार्टीमा गोलबन्द, प्रशिक्षित र सङ्गठित गर्ने। पार्टीका मातहत कमिटी, जनवर्गीय तथा पेशागत सङ्गठन र सदस्यहरूलाई आवश्यक निर्देशन दिने र तिनका कार्यहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने। आवश्यकता र औचित्यका आधारमा मातहत कमिटीको निर्णय अनुमोदन गर्ने।

(झ) अनुशासन पालना नगर्ने मातहत कमिटीलाई विधानबमोजिम विघटन गर्ने र त्यस्तो निर्णय प्रदेश कमिटीबाट अनुमोदन भएपछि लागू गर्ने। आफ्नो कमिटीका पदाधिकारी तथा सदस्यलाई अनुशासनको कारबाही गर्ने। अनुशासनको कारबाहीमा परेका मातहतका व्यक्ति तथा कमिटीको उजुरीमाथि निर्णय दिने।

(ञ) पार्टीको विधान, नियमावली, विनियम तथा प्रचलित कानूनमा जिल्ला कमिटीले गर्ने भनिएका कार्यहरू गर्ने ।

**धारा– ३७, पालिका/इलाका अधिवेशन प्रतिनिधि परिषद्**

(क) पालिका/इलाका अधिवेशनका प्रतिनिधिहरू पालिका/इलाका अधिवेशन प्रतिनिधि परिषद्का सदस्य हुनेछन्। यसको बैठकको अध्यक्षता पालिका/इलाका कमिटीका अध्यक्षले गर्नेछन् ।

(ख) पालिका/इलाका अधिवेशन प्रतिनिधि परिषद्का अधिकार र कर्तव्य :

१. पालिका/इलाका कमिटीका तर्फबाट प्रस्तुत राजनीतिक, सङ्गठनात्मक तथा आर्थिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

२. पालिका/इलाका कमिटीको लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

३. पालिका/इलाका कमिटीका कार्यहरूको समग्र समीक्षा गरी आवश्यक निर्देशन दिने,

४. पालिका/इलाका कमिटीको योजना निर्माण गर्न राय, सुझाव दिने ।

**धारा– ३८, वडा/शाखा अधिवेशन**

(क) वडा/शाखा कमिटीले सामान्यतया हरेक दुई वर्षमा वडा/शाखा अधिवेशनको आयोजना गर्नेछ ।

(ख) वडा/शाखा अधिवेशनमा तोकिएबमोजिमका प्रतिनिधिहरू हुनेछन् ।

**धारा– ३९, वडा/शाखा अधिवेशनको अधिकार र कर्तव्य**

वडा/शाखा अधिवेशनका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

(क) अधिवेशन सञ्चालन गर्न अध्यक्ष मण्डल गठन गर्ने ।

(ख) वडा/शाखा कमिटीको तर्फबाट प्रस्तुत राजनीतिक, सङ्गठनात्मक, आर्थिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

(ग) वडा/शाखा कमिटीका पदाधिकारी तथा सदस्यको निर्वाचन गर्ने ।

**धारा– ४०, वडा/शाखा कमिटी**

(क) वडा/शाखा कमिटी दुई अधिवेशनबीचको अवधिमा सम्बन्धित वडा/शाखाभित्र पार्टीको मुख्य कार्यकारी संस्था हुनेछ। वडा/शाखा कमिटी वडा/शाखा अधिवेशनप्रति उत्तरदायी हुनेछ।

(ख) वडा/शाखा अधिवेशनले पदाधिकारीमा कम्तिमा एक महिलासहित अध्यक्ष, उपाध्यक्ष, सचिव, उपसचिव– २ र खण्ड (ग) मा तोकिएबमोजिमको अधिकतम् सङ्ख्यामा नबढ्ने गरी सदस्यहरू रहेको वडा/शाखा कमिटीको निर्वाचन गर्नेछ।

(ग) वडा/शाखा कमिटीको अधिकतम् सदस्य सङ्ख्या तोकिएबमोजिम हुनेछ।

(घ) वडा/शाखा कमिटीमा पार्टी सदस्यको विविधता प्रतिविम्बित हुनेगरी समावेशीकरण गरिनेछ।

(ङ) अधिवेशनबाट निर्वाचित कमिटीले शपथग्रहण गरेपछि पुरानो कमिटी स्वतः विघटन हुनेछ।

**धारा– ४१, वडा/शाखा कमिटीको अधिकार र कर्तव्य**

वडा/शाखा कमिटीका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

(क) कमिटीको कूल सदस्य सङ्ख्याको पच्चीस प्रतिशतभन्दा बढी नहुने गरी सचिवालय गठन गर्ने। तोकिएबमोजिमका विभाग, संयन्त्र र कार्यदल गठन गर्ने, तिनको काम, कर्तव्य र अधिकार तोक्ने।

(ख) अध्यक्ष, उपाध्यक्ष र सचिवसहित आफ्नो कमिटीको कूल सदस्य सङ्ख्याभन्दा बढी नहुने गरी वडा/शाखा सल्लाहकार परिषद् गठन गर्ने।

(ग) आफ्नो तहको अधिवेशन र अधिवेशन प्रतिनिधि परिषद्को बैठक आयोजना गर्ने र तिनका निर्णयहरू कार्यान्वयन गर्ने/गराउने। विधानअनुरूप कमिटीको नियमित बैठकको आयोजना गर्ने।

(घ) आफ्नो कार्यक्षेत्रमा समग्र पार्टी कामको नेतृत्व गर्ने। महाधिवेशन र केन्द्रीय कमिटीका निर्णयको प्रतिकूल नहुने गरी आफ्नो कार्यक्षेत्रअन्तर्गत

राजनीतिक र सङ्गठनात्मक विषयमा निर्णय गर्ने। आफ्नो कमिटीको निर्णय र माथिल्लो कमिटीका निर्देशन कार्यान्वयन गर्ने र गराउने।

(ङ) कमिटीका पदाधिकारी तथा सदस्यहरूको कार्यविभाजन र आवश्यकता अनुसार स्थानान्तरण गर्ने। आफ्नो कमिटीका आवश्यक निर्णय कार्यान्वयनका लागि मातहत कमिटी एवं सदस्यहरूलाई निर्देशन जारी गर्ने। आफ्नो कमिटीको निर्णय र कामको प्रतिवेदन माथिल्लो कमिटीमा पठाउने र अनुमोदन गर्नुपर्ने भनी विधानमा उल्लेख भएको विषय अनुमोदन भएपछि कार्यान्वयन गर्ने/गराउने।

(च) एक तह मातहत कमिटीलाई लेबी तथा शुल्क तोक्ने। माथिल्लो कमिटीले तोकेको शुल्क र लेबी बुझाउने, पार्टी प्रकाशन बिक्री–वितरण गर्ने। विधानबमोजिम आर्थिक स्रोत परिचालन र व्यवस्थापन गर्ने।

(छ) आफ्नो कार्यक्षेत्रमा सङ्घीय संसद्, प्रदेशसभा तथा स्थानीय तहको निर्वाचन परिचालन गर्ने। पार्टी नीतिअनुरूप वडा तहमा पार्टीको तर्फबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरूलाई नेतृत्व प्रदान गर्ने। आफ्नो कार्यक्षेत्रको भौतिक, मानवीयलगायत समग्र विकास, सामाजिक–आर्थिक रूपान्तरण र सामाजिक न्यायका लागि योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा संयोजन गर्ने। यसका लागि पार्टीको तर्फबाट निर्वाचित जनप्रतिनिधि, मातहतको पार्टी कमिटी, पार्टी सदस्य र आमजनसमुदायलाई परिचालित गर्ने। राष्ट्र, जनता र लोकतन्त्रको पक्षमा जनपरिचालन गर्ने, आवश्यकताअनुसार जनआन्दोलन वा अन्य कार्यक्रम आयोजना गर्ने।

(ज) आफ्नो कार्यक्षेत्रभित्रका जनतालाई पार्टीमा गोलबन्द, प्रशिक्षित र सङ्गठित गर्ने। पार्टीका मातहत कमिटी, जनवर्गीय तथा पेशागत सङ्गठन र सदस्यहरूलाई आवश्यक निर्देशन दिने र तिनका कार्यहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने। आवश्यकता र औचित्यका आधारमा मातहत कमिटीको निर्णय अनुमोदन गर्ने।

(झ) अनुशासन पालना नगर्ने मातहत कमिटीलाई विधानबमोजिम विघटन गर्ने र त्यस्तो निर्णय पालिका/इलाका कमिटीबाट अनुमोदन भएपछि लागू गर्ने। आफ्नो कमिटीका पदाधिकारी तथा सदस्यलाई अनुशासनको कारबाही गर्ने। अनुशासनको कारबाहीमा परेका मातहतका व्यक्ति तथा कमिटीको उजुरीमाथि निर्णय दिने।

(ञ) पार्टीको विधान, नियमावली, विनियम तथा प्रचलित कानूनमा वडा/शाखा कमिटीले गर्ने भनिएको कार्य गर्ने।

**धारा– ४२, वडा/शाखा अधिवेशन प्रतिनिधि परिषद्**

(क) वडा/शाखा अधिवेशनका प्रतिनिधिहरू वडा/शाखा अधिवेशन प्रतिनिधि परिषद् सदस्य हुनेछन्। यसको बैठकको अध्यक्षता वडा/शाखा कमिटीका अध्यक्षले गर्नेछन्।

(ख) वडा/शाखा अधिवेशन प्रतिनिधि परिषद्का अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ :

१. वडा/शाखा कमिटीका तर्फबाट प्रस्तुत राजनीतिक, सङ्गठनात्मक तथा आर्थिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने।

२. वडा/शाखा कमिटीका कार्यहरूको समग्र समीक्षा गरी आवश्यक निर्देशन दिने।

३. वडा/शाखा कमिटीको योजना निर्माण गर्न सुझाव दिने।

**धारा– ४३, टोल/प्रारम्भिक अधिवेशन**

(क) पालिकाले परिभाषित गरेको टोल विकास समितिको कार्यक्षेत्रमा आधारित भएर टोल अधिवेशन र तोकिएबमोजिमको कार्यक्षेत्रमा आधारित भएर प्रारम्भिक अधिवेशनको आयोजना हुनेछ।

(ख) टोल/प्रारम्भिक कमिटीले सामान्यतया हरेक दुई वर्षमा टोल/प्रारम्भिक अधिवेशनको आयोजना गर्नेछ।

(ग) टोल/प्रारम्भिक कमिटीको कार्यक्षेत्रका सम्पूर्ण सङ्गठित सदस्यहरू टोल/प्रारम्भिक अधिवेशनका प्रतिनिधि हुनेछन्।

**धारा– ४४, टोल/प्रारम्भिक अधिवेशनका अधिकार र कर्तव्य**

टोल/प्रारम्भिक अधिवेशनका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

(क) अधिवेशन सञ्चालन गर्न अध्यक्ष मण्डल गठन गर्ने।

(ख) टोल/प्रारम्भिक कमिटीको तर्फबाट प्रस्तुत राजनीतिक, सङ्गठनात्मक, आर्थिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने।

(ग) टोल/प्रारम्भिक कमिटीका पदाधिकारी र सदस्यहरूको निर्वाचन गर्ने।

**धारा– ४५, टोल/प्रारम्भिक कमिटी**

(क) टोल/प्रारम्भिक कमिटी दुई अधिवेशनबीचको अवधिमा सम्बन्धित कार्यक्षेत्रभित्र पार्टीको मुख्य कार्यकारी संस्था हुनेछ। टोल/प्रारम्भिक कमिटी टोल/प्रारम्भिक अधिवेशनप्रति उत्तरदायी हुनेछ।

(ख) टोल/प्रारम्भिक अधिवेशनले पदाधिकारीमा कम्तिमा एक महिलासहित अध्यक्ष, उपाध्यक्ष, सचिव, उपसचिव– २ र खण्ड (ग) मा तोकिएबमोजिमको अधिकतम् सङ्ख्यामा नबढ्ने गरी सदस्यहरू रहेको टोल/प्रारम्भिक कमिटीको निर्वाचन गर्नेछ।

(ग) टोल/प्रारम्भिक कमिटीको अधिकतम् सदस्य सङ्ख्या तोकिएबमोजिम हुनेछ।

(घ) टोल/प्रारम्भिक कमिटीमा पार्टी सदस्यको विविधता प्रतिविम्बित हुनेगरी समावेशीकरण गरिनेछ।

(ङ) अधिवेशनबाट निर्वाचित कमिटीले शपथग्रहण गरेपछि पुरानो कमिटी स्वतः विघटन हुनेछ।

**धारा– ४६, टोल/प्रारम्भिक कमिटीको अधिकार र कर्तव्य**

टोल/प्रारम्भिक कमिटीका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

(क) कमिटीको कूल सदस्य सङ्ख्याको पच्चीस प्रतिशतभन्दा बढी नहुने गरी सचिवालय गठन गर्ने।

(ख) अध्यक्ष, उपाध्यक्ष र सचिवसहित आफ्नो कमिटीको कूल सदस्य सङ्ख्याभन्दा बढी नहुने गरी सल्लाहकार परिषद् गठन गर्ने ।

(ग) पालिकाद्वारा निर्धारण गरिएका टोलहरूमा सङ्गठित सदस्य र सदस्यहरूको उपस्थितिमा टोलसभाको आयोजना गर्ने । टोलसभाको अध्यक्षता टोल कमिटीका अध्यक्षले गर्ने ।

(घ) आफ्नो तहको अधिवेशन र अधिवेशन प्रतिनिधि परिषद्को बैठक आयोजना गर्ने र तिनका निर्णयहरू कार्यान्वयन गर्ने/गराउने । विधानअनुरूप कमिटीको नियमित बैठकको आयोजना गर्ने ।

(ङ) आफ्नो कार्यक्षेत्रमा समग्र पार्टी कामको नेतृत्व गर्ने । महाधिवेशन र माथिल्ला कमिटीका निर्णयको प्रतिकूल नहुने गरी आफ्नो कार्यक्षेत्रअन्तर्गत राजनीतिक र सङ्गठनात्मक विषयमा निर्णय गर्ने । आफ्नो कमिटीको निर्णय र माथिल्लो कमिटीका निर्देशन कार्यान्वयन गर्ने र गराउने ।

(च) कमिटीका पदाधिकारी तथा सदस्यहरूको कार्यविभाजन गर्ने । आफ्नो कमिटीका निर्णय कार्यान्वयनका लागि सदस्यहरूलाई निर्देशित गर्ने । आफ्नो कमिटीको निर्णय र कामको प्रतिवेदन माथिल्लो कमिटीमा पठाउने र अनुमोदन गर्नुपर्ने भनी विधानमा उल्लेख भएको विषय अनुमोदन भएपछि कार्यान्वयन गर्ने ।

(छ) मातहतका सदस्यहरूलाई लेबी तथा शुल्क तोक्ने । माथिल्लो कमिटीले तोकेको शुल्क र लेबी बुझाउने, पार्टी प्रकाशन बिक्री–वितरण गर्ने । आर्थिक स्रोत परिचालन र व्यवस्थापन गर्ने ।

(ज) आफ्नो कार्यक्षेत्रको भौतिक, मानवीयलगायत समग्र विकास, सामाजिक–आर्थिक रूपान्तरण र सामाजिक न्यायका लागि योजना निर्माण, कार्यान्वयनमा अगुवाई गर्ने । राष्ट्र, जनता र लोकतन्त्रको पक्षमा जनपरिचालन गर्ने, आवश्यकताअनुसार जनआन्दोलन वा अन्य कार्यक्रम आयोजना गर्ने ।

(झ) आफ्नो कार्यक्षेत्रभित्रका जनतालाई पार्टीमा गोलबन्द, प्रशिक्षित र सङ्गठित गर्ने। पार्टी सदस्य, जनवर्गीय तथा पेशागत सङ्गठन र सदस्यहरू परिचालन गर्ने।

(ञ) अनुशासन पालना नगर्ने पार्टी सदस्यलाई विधानबमोजिम कारबाही गर्ने। आफ्नो कमिटीका पदाधिकारी तथा सदस्यलाई अनुशासनको कारबाही गर्ने। अनुशासनको कारबाहीमा परेका मातहतका व्यक्तिको उजुरीमाथि निर्णय दिने।

(ट) पार्टीको विधान, नियमावली, विनियम तथा प्रचलित कानूनमा टोल/प्रारम्भिक कमिटीले गर्ने भनिएको कार्य गर्ने।

**धारा– ४७, टोल/प्रारम्भिक अधिवेशन प्रतिनिधि परिषद्**

(क) टोल/प्रारम्भिक कमिटीको कार्यक्षेत्रका सम्पूर्ण सदस्यहरू सम्बन्धित टोल/प्रारम्भिक अधिवेशन प्रतिनिधि परिषद्का सदस्य हुनेछन्। प्रतिनिधि परिषद् बैठकको अध्यक्षता टोल/प्रारम्भिक कमिटीका अध्यक्षले गर्नेछन्।

(ख) टोल/प्रारम्भिक अधिवेशन प्रतिनिधि परिषद्का अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

१. टोल/प्रारम्भिक कमिटीका तर्फबाट प्रस्तुत राजनीतिक, सङ्गठनात्मक र आर्थिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

२. टोल/प्रारम्भिक कमिटीका कार्यहरूको समग्र समीक्षा गरी आवश्यक निर्देशन दिने,

३. टोल/प्रारम्भिक कमिटीको योजना निर्माण गर्न सुझाव दिने।

**धारा– ४८, सङ्गठन कमिटी**

(क) नयाँ कार्यक्षेत्रमा पार्टी काम विस्तार गर्न वा निर्वाचित कमिटी नभएको वा निर्वाचित कमिटीको अवधि समाप्त भएको अवस्थामा एक तह माथिल्लो कमिटीले कुनै पनि तहमा सङ्गठन कमिटी निर्माण गर्न सक्नेछ।

(ख) सङ्गठन कमिटीको मुख्य काम अधिवेशन सम्पन्न गराउनु हुनेछ ।

(ग) अधिवेशन सम्पन्न नहुँदासम्म सङ्गठन कमिटीले निर्वाचित कमिटीको अधिकार प्रयोग र कर्तव्य निर्वाह गर्नेछ ।

(घ) सङ्गठन कमिटीको अवधि ६ महिनाको हुनेछ । आवश्यक परेमा एक तह माथिल्लो कमिटीले बढीमा ६ महिनाको अवधि थप्न सक्नेछ ।

**धारा– ४९, सम्पर्क कमिटी र सम्पर्क मञ्च**

देशका विभिन्न भागबाट राजधानी (काठमाडौँ, ललितपुर र भक्तपुर)मा आई अस्थायी रूपमा बसोबास गरेका जनसमुदायलाई पार्टीको वरिपरि गोलबन्द गर्न र उनीहरूलाई सम्बन्धित प्रदेश, जिल्ला, निर्वाचन क्षेत्र र पालिकाको पार्टी कामसँग जोड्न सम्पर्क विशेष कमिटी, प्रदेश सम्पर्क कमिटी र जिल्ला सम्पर्क कमिटी गठन हुनेछ । जिल्ला सम्पर्क कमिटीको मातहतमा प्रतिनिधिसभा निर्वाचन क्षेत्र र पालिकास्तरमा सम्पर्क मञ्च गठन हुनेछन् ।

स्पष्टीकरण : राजधानीअन्तर्गतका तीन जिल्ला (काठमाडौँ, ललितपुर र भक्तपुर)को मतदाता सूचीमा नाम समावेश भएको व्यक्ति कुनै पनि तहको सम्पर्क कमिटी वा सम्पर्क मञ्चको पदाधिकारी वा सदस्य हुनसक्ने छैन ।

**धारा– ५०, सम्पर्क विशेष अधिवेशन**

(क) सम्पर्क विशेष कमिटीले सामान्यतया हरेक चार वर्षमा सम्पर्क विशेष अधिवेशनको आयोजना गर्नेछ ।

(ख) सम्पर्क विशेष अधिवेशनमा देहायबमोजिमका प्रतिनिधि सहभागी हुनेछन् :

१. सम्पर्क विशेष कमिटीका पदाधिकारी र सदस्यहरू ।

२. विशेष सम्पर्क कमिटीको सल्लाहकार परिषद्का पदाधिकारी र सदस्यहरू मध्येबाट निर्वाचित २५ जना प्रतिनिधिहरू ।

३. सम्पर्क विशेष कमिटीले तोकेबमोजिम पार्टी सदस्यहरूबाट निर्वाचित प्रतिनिधिहरू ।

४. निर्वाचित प्रतिनिधिको पाँच प्रतिशतमा नबढ्ने गरी सम्पर्क विशेष कमिटीबाट मनोनित प्रतिनिधिहरू।

(ग) सम्पर्क विशेष अधिवेशनको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

१. अधिवेशन सञ्चालन गर्न अध्यक्ष मण्डल गठन गर्ने।

२. सम्पर्क विशेष कमिटीको तर्फबाट प्रस्तुत राजनीतिक र सङ्गठनात्मक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने।

३. सम्पर्क विशेष कमिटीको लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने।

४. सम्पर्क विशेष कमिटीका पदाधिकारी र सदस्यको निर्वाचन गर्ने।

**धारा– ५१, सम्पर्क विशेष कमिटी**

१. सम्पर्क विशेष कमिटी दुई अधिवेशनबीचको अवधिमा आफ्नो कार्यक्षेत्रभित्र पार्टीको प्रमुख कार्यकारी संस्था हुनेछ। सम्पर्क विशेष कमिटी सम्पर्क विशेष अधिवेशनप्रति उत्तरदायी हुनेछ।

२. सम्पर्क विशेष अधिवेशनले पदाधिकारीमा कम्तिमा एक महिलासहित अध्यक्ष, उपाध्यक्ष, सचिव, उपसचिव– २ र खण्ड (ग) मा तोकिएबमोजिमका सदस्यहरू रहेको सम्पर्क विशेष कमिटीको निर्वाचन गर्नेछ। प्रदेश सम्पर्क कमिटीका अध्यक्षहरू सम्पर्क विशेष कमिटीका पदेन सदस्यहरू हुनेछन्।

३. सम्पर्क विशेष कमिटीको सदस्य सङ्ख्या र प्रतिनिधित्वको आधार तोकिएबमोजिम हुनेछ।

४. सम्पर्क विशेष कमिटीमा कम्तिमा एकतिहाई महिलासहित विविधता प्रतिविम्बित हुने गरी समावेशीकरण गरिनेछ।

५. अधिवेशनबाट निर्वाचित कमिटीले शपथग्रहण गरेपछि पुरानो कमिटी स्वतः विघटन हुनेछ।

**धारा–५२, सम्पर्क विशेष कमिटीका अधिकार र कर्तव्य**

सम्पर्क विशेष कमिटीका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

(क) देशका विभिन्न भागबाट राजधानीमा आइ अस्थायी रूपमा बसोबास गरेका व्यक्तिहरूलाई सम्पर्क कमिटी वा सम्पर्क मञ्चमा सङ्गठित गर्ने। अध्यक्ष, उपाध्यक्ष र सचिवसहित कमिटीको कुल सदस्य सङ्ख्या भन्दा बढी नहुने गरी सल्लाहकार परिषद् गठन गर्ने, काम कर्तव्य र अधिकार तोक्ने।

(ख) कमिटीको कूल सदस्य सङ्ख्याको पच्चीस प्रतिशतमा नबढ्ने गरी सचिवालय गठन गर्ने। कमिटीका पदाधिकारी तथा सदस्यहरूको कार्यविभाजन गर्ने।

(ग) महाधिवेशन र केन्द्रीय कमिटीका निर्णयको प्रतिकूल नहुने गरी आफ्नो कार्यक्षेत्रअन्तर्गतका राजनीतिक र सङ्गठनात्मक विषयमा निर्णय गर्ने। आफ्नो कमिटी तथा केन्द्रीय कमिटीका निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने र गराउने।

(घ) निर्वाचन र पार्टीका अन्य घोषित कार्यक्रमहरूमा सम्बन्धित प्रदेश, जिल्ला र पालिकामा सम्पर्क कमिटी र सम्पर्क मञ्चलाई परिचालन गर्ने। सम्बन्धित प्रदेश, जिल्ला र पालिका तहको पार्टीसँग सम्पर्क समन्वय गर्ने र त्यहाँको विकास निर्माण एवं सामाजिक सरोकारका काममा सम्पर्क कमिटी र सम्पर्क मञ्चहरूलाई परिचालन गर्ने।

(ङ) आफ्नो कार्यक्षेत्रका जनतालाई पार्टीमा गोलबन्द गर्ने, प्रशिक्षित गर्ने, सङ्गठित गर्ने। प्रदेश सम्पर्क कमिटी, जिल्ला सम्पर्क कमिटी र सो मातहतका सम्पर्क मञ्चहरूलाई नेतृत्व प्रदान गर्ने। मातहतका सम्पर्क कमिटी तथा सम्पर्क मञ्चका कार्यहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने। आवश्यकताअनुरूप प्रदेश सम्पर्क कमिटीको निर्णय अनुमोदन गर्ने।

(च) विधानबमोजिम आफ्नो कमिटीको नियमित बैठक आयोजना गर्ने। बैठकका निर्णय कार्यान्वयन गर्ने/गराउने। मातहतको कमिटी तथा सम्पर्क मञ्चहरूको नियमित बैठक तथा अधिवेशन गर्न लगाउने।

(ज) मातहत कमिटीलाई लेबी तथा शुल्क तोक्ने, माथिल्लो कमिटीले तोकेको शुल्क र लेबी बुझाउने । पार्टी प्रकाशनको बिक्री–वितरण गर्ने। विधान तथा आर्थिक नियमावलीमा उल्लेख भएबमोजिमको आर्थिक स्रोत परिचालन र व्यवस्थापन गर्ने।

(झ) अनुशासन पालना नगर्ने प्रदेश सम्पर्क कमिटीलाई विधानबमोजिम विघटन गर्ने, सदस्यलाई कारबाही गर्ने, मातहत कमिटीबाट अनुशासनको कारबाहीमा परेका व्यक्ति तथा कमिटीको उजुरीमाथि निर्णय दिने।

(ञ) यस विधान, नियमावली, विनियम तथा निर्देशिकामा सम्पर्क विशेष कमिटीले गर्ने भनिएका कार्य गर्ने।

**धारा– ५३, सम्पर्क विशेष अधिवेशन प्रतिनिधि परिषद्**

(क) सम्पर्क विशेष अधिवेशनका प्रतिनिधिहरू सम्पर्क विशेष अधिवेशन प्रतिनिधि परिषद्का सदस्य हुनेछन्। सम्पर्क विशेष अधिवेशन प्रतिनिधि परिषद् बैठकको अध्यक्षता सम्पर्क विशेष कमिटीका अध्यक्षले गर्नेछन्।

(ख) सम्पर्क विशेष अधिवेशन प्रतिनिधि परिषद्को अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ :

१. सम्पर्क विशेष कमिटीका तर्फबाट प्रस्तुत राजनीतिक, सङ्गठनात्मक र आर्थिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने।

२. सम्पर्क विशेष कमिटीको लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने।

३. सम्पर्क विशेष कमिटीका कार्यहरूको आवधिक समीक्षा गरी आवश्यक निर्देशन दिने।

४. सम्पर्क विशेष कमिटीको योजना निर्माण गर्न सुझाव दिने।

**धारा– ५४, प्रदेश सम्पर्क अधिवेशन**

(क) प्रदेश सम्पर्क कमिटीले हरेक तीन वर्षमा प्रदेश सम्पर्क अधिवेशन आयोजना गर्नेछ।

(ख) प्रदेश सम्पर्क अधिवेशनमा देहायबमोजिमका प्रतिनिधिहरू सहभागी हुनेछन् :

१. प्रदेश सम्पर्क कमिटीका पदाधिकारी र सदस्यहरू।

२. प्रदेश सल्लाहकार परिषद्का पदाधिकारी र सदस्यहरू मध्येबाट निर्वाचित २५ जना प्रतिनिधिहरू।

३. प्रदेश सम्पर्क कमिटीले तोकेबमोजिम पार्टी सदस्यबाट निर्वाचित प्रतिनिधिहरू।

४. निर्वाचित प्रतिनिधिको पाँच प्रतिशतमा नबढ्ने गरी प्रदेश सम्पर्क कमिटीबाट मनोनित प्रतिनिधिहरू।

(ग) प्रदेश सम्पर्क अधिवेशनका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ :

१. प्रदेश सम्पर्क अधिवेशन सञ्चालन गर्न अध्यक्ष मण्डल गठन गर्ने,

२. प्रदेश सम्पर्क कमिटीको तर्फबाट प्रस्तुत राजनीतिक, सङ्गठनात्मक र आर्थिक प्रतिवेदनहरू माथि छलफल गरी पारित गर्ने,

३. प्रदेश सम्पर्क कमिटीको लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

४. प्रदेश सम्पर्क कमिटीका पदाधिकारी र सदस्यहरूको निर्वाचन गर्ने।

**धारा– ५५, प्रदेश सम्पर्क कमिटी**

(क) प्रदेश सम्पर्क कमिटी दुई अधिवेशनबीचको अवधिमा आफ्नो कार्यक्षेत्रभित्र पार्टीको प्रमुख कार्यकारी संस्था हुनेछ। प्रदेश सम्पर्क कमिटी प्रदेश सम्पर्कप्रति अधिवेशनप्रति उत्तरदायी हुनेछ।

(ख) प्रदेश सम्पर्क अधिवेशनले पदाधिकारीमा कम्तिमा एक महिलासहित अध्यक्ष, उपाध्यक्ष, सचिव, उपसचिव– २ सहित तोकिएबमोजिम सदस्यहरूको निर्वाचन गर्नेछ ।

(ग) कमिटीमा एकतिहाई महिलासहित पार्टी सदस्यको विविधता प्रतिविम्बित हुनेगरी समावेशीकरण गरिनेछ ।

(घ) अधिवेशनबाट नयाँ कमिटी निर्वाचित भई शपथग्रहण गरेपछि पुरानो कमिटी स्वतः विघटन हुनेछ ।

**धारा–५६, प्रदेश सम्पर्क कमिटीको अधिकार र कर्तव्य**

प्रदेश सम्पर्क कमिटीका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

(क) सम्बन्धित प्रदेशबाट राजधानीमा आइ अस्थायी रूपमा बसोबास गरेका व्यक्तिहरूलाई सम्पर्क कमिटी वा सम्पर्क मञ्चमा सङ्गठित गर्ने ।

(ख) कमिटीको कूल सदस्य सङ्ख्याको पच्चीस प्रतिशतमा नबढ्ने गरी सचिवालय गठन गर्ने। कमिटीका पदाधिकारी तथा सदस्यहरूको कार्यविभाजन गर्ने। अध्यक्ष, उपाध्यक्ष र सचिवसहित प्रदेश सम्पर्क कमिटीको कुल सदस्य सङ्ख्या भन्दा बढी नहुने गरी सल्लाहकार परिषद् गठन गर्ने ।

(ग) महाधिवेशन र माथिल्ला कमिटीका निर्णयको प्रतिकूल नहुने गरी आफ्नो कार्यक्षेत्रअन्तर्गतका राजनीतिक र सङ्गठनात्मक विषयमा निर्णय गर्ने। आफ्नो कमिटी तथा माथिल्ला कमिटीका निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने र गराउने ।

(घ) सम्पर्क कमिटी र सम्पर्क मञ्चहरूलाई सम्बन्धित प्रदेश, जिल्ला र पालिकामा आयोजना हुने निर्वाचन र पार्टीका अन्य घोषित कार्यक्रमहरूमा परिचालन गर्ने। सम्बन्धित प्रदेश, जिल्ला र पालिका तहको पार्टीसँग सम्पर्क समन्वय गर्ने र त्यहाँको विकास निर्माण एवं सामाजिक सरोकारका काममा सम्पर्क कमिटी र सम्पर्क मञ्चहरूलाई परिचालन गर्ने ।

(ङ) आफ्नो कार्यक्षेत्रका जनतालाई पार्टीमा गोलबन्द गर्ने, प्रशिक्षित गर्ने, सङ्गठित गर्ने। जिल्ला सम्पर्क कमिटी र सो मातहतका सम्पर्क मञ्चहरूलाई नेतृत्व प्रदान गर्ने र तिनका कार्यहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने। आवश्यकताअनुरूप जिल्ला सम्पर्क कमिटीको निर्णय अनुमोदन गर्ने।

(च) विधानबमोजिम आफ्नो कमिटीको नियमित बैठक आयोजना गर्ने। बैठकका निर्णय कार्यान्वयन गर्ने/गराउने। मातहतका सम्पर्क कमिटी तथा सम्पर्क मञ्चहरूको नियमित बैठक तथा अधिवेशन आयोजना गर्न लगाउने।

(छ) मातहत कमिटीलाई लेबी तथा शुल्क तोक्ने, माथिल्लो कमिटीले तोकेको शुल्क रलेबी बुझाउने । पार्टी प्रकाशनको बिक्री–वितरण गर्ने। विधान तथा आर्थिक नियमावलीमा उल्लेख भएबमोजिमको आर्थिक स्रोत परिचालन र व्यवस्थापन गर्ने।

(ज) अनुशासन पालना नगर्ने जिल्ला सम्पर्क कमिटीलाई विधानबमोजिम विघटन गर्ने, सदस्यलाई कारबाही गर्ने, मातहत कमिटीबाट अनुशासनको कारबाहीमा परेका व्यक्ति तथा कमिटीको उजुरीमाथि निर्णय दिने।

(झ) यस विधान, नियमावली, विनियम तथा निर्देशिकामा प्रदेश सम्पर्क कमिटीले गर्ने भनिएका कार्य गर्ने।

**धारा– ५७, प्रदेश सम्पर्क अधिवेशन प्रतिनिधि परिषद्**

(क) प्रदेश सम्पर्क अधिवेशनका प्रतिनिधिहरू प्रदेश सम्पर्क अधिवेशन प्रतिनिधि परिषद्का सदस्य हुनेछन्। परिषद्को बैठकको अध्यक्षता प्रदेश सम्पर्क कमिटीका अध्यक्षले गर्नेछन्।

(ख) प्रतिनिधि परिषद्का अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ :

१. प्रदेश सम्पर्क कमिटीका तर्फबाट प्रस्तुत राजनीतिक, सङ्गठनात्मक, आर्थिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने।

२. प्रदेश सम्पर्क कमिटीको लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।

३. प्रदेश सम्पर्क कमिटीका कार्यहरूको समग्र समीक्षा गरी आवश्यक निर्देशन दिने ।

**धारा– ५८, जिल्ला सम्पर्क अधिवेशन**

(क) जिल्ला सम्पर्क कमिटीले हरेक तीन वर्षमा प्रदेश सम्पर्क अधिवेशन आयोजना गर्नेछ ।

(ख) जिल्ला सम्पर्क अधिवेशनमा देहायबमोजिमका प्रतिनिधिहरू सहभागी हुनेछन् :

१. जिल्ला सम्पर्क कमिटीका पदाधिकारी र सदस्यहरू ।

२. जिल्ला सल्लाहकार परिषद्का पदाधिकारी र सदस्यहरू मध्येबाट निर्वाचित २५ जना प्रतिनिधिहरू ।

३. जिल्ला सम्पर्क कमिटीले तोकेबमोजिम पार्टी सदस्यबाट निर्वाचित प्रतिनिधिहरू ।

४. निर्वाचित प्रतिनिधिको पाँच प्रतिशतमा नबढ्ने गरी जिल्ला सम्पर्क कमिटीबाट मनोनित प्रतिनिधिहरू ।

(ग) जिल्ला सम्पर्क अधिवेशनका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ :

१. जिल्ला सम्पर्क अधिवेशन सञ्चालन गर्न अध्यक्ष मण्डल गठन गर्ने,

२. जिल्ला सम्पर्क कमिटीको तर्फबाट प्रस्तुत राजनीतिक, सङ्गठनात्मक र आर्थिक प्रतिवेदनहरू माथि छलफल गरी पारित गर्ने,

३. जिल्ला सम्पर्क कमिटीको लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने,

४. जिल्ला सम्पर्क कमिटीका पदाधिकारी र सदस्यहरूको निर्वाचन गर्ने ।

## धारा– ५९, जिल्ला सम्पर्क कमिटी

(क) जिल्ला सम्पर्क कमिटी दुई अधिवेशनबीचको अवधिमा आफ्नो कार्यक्षेत्रभित्र पार्टीको प्रमुख कार्यकारी संस्था हुनेछ। जिल्ला सम्पर्क कमिटी जिल्ला सम्पर्क अधिवेशनप्रति उत्तरदायी हुनेछ।

(ख) जिल्ला सम्पर्क अधिवेशनले पदाधिकारीमा कम्तिमा एक महिलासहित अध्यक्ष, उपाध्यक्ष, सचिव, उपसचिव– २ सहित तोकिएबमोजिम सदस्यहरूको निर्वाचन गर्नेछ।

(ग) कमिटीमा एकतिहाई महिलासहित पार्टी सदस्यको विविधता प्रतिविम्बित हुनेगरी समावेशीकरण गरिनेछ।

(घ) अधिवेशनबाट नयाँ कमिटी निर्वाचित भई शपथग्रहण गरेपछि पुरानो कमिटी स्वतः विघटन हुनेछ।

## धारा– ६०, जिल्ला सम्पर्क कमिटीको अधिकार र कर्तव्य

जिल्ला सम्पर्क कमिटीका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

(क) सम्बन्धित प्रदेशबाट राजधानीमा आइ अस्थायी रूपमा बसोबास गरेका व्यक्तिहरूलाई सम्पर्क कमिटी वा सम्पर्क मञ्चमा सङ्गठित गर्ने।

(ख) कमिटीको कूल सदस्य सङ्ख्याको पच्चीस प्रतिशतमा नबढ्ने गरी सचिवालय गठन गर्ने। कमिटीका पदाधिकारी तथा सदस्यहरूको कार्यविभाजन गर्ने। अध्यक्ष, उपाध्यक्ष र सचिवसहित कमिटीको कुल सदस्य सङ्ख्या भन्दा बढी नहुने गरी सल्लाहकार परिषद् गठन गर्ने।

(ग) महाधिवेशन र माथिल्ला कमिटीका निर्णयको प्रतिकूल नहुने गरी आफ्नो कार्यक्षेत्रअन्तर्गतका राजनीतिक र सङ्गठनात्मक विषयमा निर्णय गर्ने। आफ्नो कमिटी तथा माथिल्ला कमिटीका निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने र गराउने।

(घ) सम्पर्क कमिटी र मातहतका सम्पर्क मञ्चहरूलाई सम्बन्धित प्रदेश, जिल्ला र पालिकामा आयोजना हुने निर्वाचन र पार्टीका अन्य घोषित कार्यक्रमहरूमा परिचालन गर्ने। सम्बन्धित जिल्लाको पार्टीसँग सम्पर्क

समन्वय गर्ने र त्यहाँको विकास निर्माण एवं सामाजिक सरोकारका काममा सम्पर्क कमिटी र सम्पर्क मञ्चहरूलाई परिचालन गर्ने।

(ङ) आफ्नो कार्यक्षेत्रका जनतालाई पार्टीमा गोलबन्द गर्ने, प्रशिक्षित गर्ने, सङ्गठित गर्ने। मातहतका सम्पर्क मञ्चहरूलाई नेतृत्व प्रदान गर्ने र तिनका कार्यहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने।

(च) विधानबमोजिम आफ्नो कमिटीको नियमित बैठक आयोजना गर्ने। बैठकका निर्णय कार्यान्वयन गर्ने/गराउने। मातहतको कमिटी तथा सम्पर्क मञ्चहरूको नियमित बैठक तथा अधिवेशन आयोजना गर्न लगाउने।

(छ) मातहत कमिटीलाई लेबी तथा शुल्क तोक्ने, माथिल्लो कमिटीले तोकेको शुल्क र लेबी बुझाउने । पार्टी प्रकाशनको बिक्री–वितरण गर्ने। विधान तथा आर्थिक नियमावलीमा उल्लेख भएबमोजिमको आर्थिक स्रोत परिचालन र व्यवस्थापन गर्ने।

(ज) अनुशासन पालना नगर्ने मातहतका सम्पर्क मञ्च र सदस्यलाई कारबाही गर्ने। मातहतका सम्पर्क मञ्चहरुबाट अनुशासनको कारबाहीमा परेका व्यक्ति तथा कमिटीको उजुरीमाथि निर्णय दिने।

(झ) यस विधान, नियमावली, विनियम तथा निर्देशिकामा जिल्ला सम्पर्क कमिटीले गर्ने भनिएका कार्य गर्ने।

**धारा– ६१, जिल्ला सम्पर्क अधिवेशन प्रतिनिधि परिषद्**

(क) जिल्ला सम्पर्क अधिवेशनका प्रतिनिधिहरू प्रदेश सम्पर्क अधिवेशन प्रतिनिधि परिषद्का सदस्य हुनेछन्। परिषद्को बैठकको अध्यक्षता जिल्ला सम्पर्क कमिटीका अध्यक्षले गर्नेछन्।

(ख) जिल्ला प्रतिनिधि परिषद्का अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ :

१. जिल्ला सम्पर्क कमिटीका तर्फबाट प्रस्तुत राजनीतिक, सङ्गठनात्मक, आर्थिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने।

२. जिल्ला सम्पर्क कमिटीको लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने।

३. जिल्ला सम्पर्क कमिटीका कार्यहरूको समग्र समीक्षा गरी आवश्यक निर्देशन दिने ।

**धारा– ६२, सम्पर्क मञ्च**

(क) देशका विभिन्न भागबाट काठमाडौँ उपत्यकामा आई बसोबास गर्ने जनसमुदायलाई पार्टीको वरीपरी गोलबन्द गर्न, उनीहरूलाई सम्बन्धित जिल्लाको पार्टी कामसँग जोड्न प्रतिनिधिसभा निर्वाचन क्षेत्र र पालिका तहमा सम्पर्क मञ्च गठन हुनेछ ।

(ख) जिल्ला सम्पर्क कमिटीले निर्वाचन क्षेत्र वा पालिका तहमा सम्पर्क मञ्च गठन गर्न सक्नेछन् ।

(ग) सम्पर्क मञ्चहरूमा पार्टीका सदस्य, समर्थक र पार्टीप्रति आस्थावान् रहेका व्यक्तिहरू रहन सक्नेछन् ।

(घ) सम्पर्क मञ्चले सम्बन्धित जिल्ला, निर्वाचन क्षेत्र र पालिकाको पार्टी कमिटीसँग सम्पर्क समन्वय गर्ने, त्यहाँको विकास निर्माण एवं सामाजिक सरोकारका काममा मातहतको सम्पर्क मञ्च, पार्टी सदस्य र समर्थकहरूलाई परिचालित गर्ने र पार्टीको पक्षमा जनमत निर्माण गर्नेछन् ।

(ङ) प्रतिनिधिसभा निर्वाचन क्षेत्र तथा पालिका तहमा सम्पर्क मञ्चको गठन र सम्पर्क मञ्चका अधिकार र कर्तव्य तोकिएबमोजिम हुनेछ ।

**धारा– ६३, निर्वाचन क्षेत्र समन्वय कमिटी**

(क) एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्लामा तोकिएबमोजिम प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वय कमिटी र प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय कमिटी गठन हुनेछ ।

(ख) प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय कमिटीको अधिकार, कर्तव्य र अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## धारा– ६४, प्रदेश र स्थानीय कमिटीका पदाधिकारीहरूको अधिकार र कर्तव्य

प्रदेश र स्थानीय कमिटीका पदाधिकारी तथा सदस्यको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ :

(क) अध्यक्षको अधिकार र कर्तव्य :

१. आफ्नो कार्यक्षेत्रमा पार्टीको प्रमुख नेताको हैसियतमा नेतृत्व गर्ने। आफ्नो कमिटीको बैठक बोलाउन सचिवलाई निर्देशन दिने,

२. माथिल्लो कमिटी, आफ्नो तहको अधिवेशन, अधिवेशन प्रतिनिधि परिषद् र आफ्नो कमिटीका निर्णयहरूको कार्यान्वयनमा नेतृत्व गर्ने,

३. आफ्नो कमिटी, सचिवालय र अधिवेशन प्रतिनिधि परिषद् बैठकको अध्यक्षता गर्ने,

४. आफ्नो कमिटी, अधिवेशन प्रतिनिधि परिषद् र अधिवेशनमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने,

५. आय–व्ययको लेखा राख्न लगाउने,

६. सम्बन्धित कमिटीले तोकेका अन्य कार्यहरू गर्ने।

(ख) उपाध्यक्षको अधिकार र कर्तव्य :

१. अध्यक्षको काममा आवश्यक सहयोग गर्ने,

२. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरू गर्ने,

३. आफ्नो कमिटीले तोकेका अन्य कार्यहरू गर्ने।

(ग) सचिवको अधिकार र कर्तव्य :

१. अध्यक्षसँगको निर्देशनअनुरूप माथिल्लो कमिटी, आफ्नो तहको अधिवेशन र अधिवेशन प्रतिनिधि परिषद्का निर्णय कार्यान्वयन गर्न कार्ययोजना तयार गर्ने र आफ्नो कमिटीसमक्ष प्रस्तुत गर्ने,

२. आफ्नो कमिटीको कार्यालय सञ्चालन गर्ने,

३. आफ्नो कमिटीको कार्यक्षेत्रभित्रको सङ्गठनात्मक कामको अनुगमन गर्ने, सङ्गठनात्मक अभिलेख राख्ने,

४. अध्यक्षको निर्देशनअनुरूप कमिटी तथा अधिवेशन प्रतिनिधि परिषद् बैठकको कार्यसूची तयार गर्ने र बोलाउने,

५. आफ्नो तहको अधिवेशन, अधिवेशन प्रतिनिधि परिषद् र कमिटीको बैठकमा सङ्गठनात्मक प्रतिवेदन पेश गर्ने,

६. आफ्नो कमिटीले तोकेका अन्य कार्यहरू गर्ने ।

(घ) उपसचिवको अधिकार र कर्तव्य :

१. सचिवको काममा आवश्यक सहयोग गर्ने,

२. सचिवले प्रत्यायोजित गरेका कार्यहरू गर्ने,

३. आफ्नो कमिटीले तोकेका अन्य कार्यहरू गर्ने ।

(ङ) सदस्यको अधिकार र कर्तव्य :

१. आफ्नो कमिटीले तोकेका कार्यहरू गर्ने,

२. आफ्नो कार्यक्षेत्रमा आफ्नो कमिटीको प्रतिनिधिको हैसियतले कार्य गर्ने ।

३. आफ्नो कार्यक्षेत्रमा आफ्नो कमिटी तथा माथिल्लो कमिटीको निर्णय तथा निर्देशनअनुरूप पार्टी काम विस्तार गर्ने र पार्टीलाई सुदृढ तथा एकताबद्ध बनाउने ।

(च) संयोजक, सहसंयोजक र सचिवको अधिकार र कर्तव्य :

सङ्गठन कमिटी गठन भई संयोजक, सहसंयोजक वा सचिव तोकिएमा संयोजकले माथि उपधारा (१) मा अध्यक्षलाई भएसरह, सहसंयोजकले उपधारा (२) मा उपाध्यक्षलाई भएसरह र सचिवले उपधारा (३) मा सचिवलाई भएसरहको अधिकार र कर्तव्यको प्रयोग र पालना गर्ने ।

## अध्याय– पाँच
# निर्वाचन, मनोनयन, पदरिक्तता र पदपूर्ति

**धारा– ६५, निर्वाचन विधि**

(क) समन्वय कमिटी, सङ्गठन कमिटी, सल्लाहकार परिषद्, विभाग, संयन्त्र, कार्यदलबाहेक सबै तहका कमिटी र आयोगहरू महाधिवेशन वा अधिवेशनबाट निर्वाचित हुनेछन्। केन्द्रीय निर्वाचन आयोग विधान महाधिवेशनबाट निर्वाचित हुनेछ।

(ख) महाधिवेशन वा अधिवेशनबाट निर्वाचित हुने कमिटी वा निकायका पदाधिकारी वा सदस्यको निर्वाचन लोकतान्त्रिक विधिअनुरूप हुनेछ।

(ग) केन्द्रीय कमिटीको पदाधिकारीमा उमेद्वार भएको व्यक्ति खुलातर्फको सदस्य पदको समेत उमेद्वार हुनेछ । मतदाताले पदाधिकारी र सदस्य पदमा उमेद्वारी कायम रहेको व्यक्तिलाई दुवै पदमा मतदान गर्न सक्नेछन्। पदाधिकारीमा पराजित उमेद्वारले खुला सदस्य पदमा प्राप्त गरेको मत गणना हुँदा सदस्य पदमा निर्वाचित भएमा सोही बमोजिम परिणाम प्रकाशित गरिनेछ।

(घ) निर्वाचनसम्बन्धी अन्य व्यवस्था केन्द्रीय निर्वाचन आयोगबाट पारित नियमावलीबमोजिम हुनेछ ।

**धारा– ६६, निर्वाचन क्षेत्र र समावेशीकरण**

(क) महाधिवेशन र सबै तहका अधिवेशनका प्रतिनिधि तथा कमिटीका पदाधिकारी र सदस्यका लागि निर्वाचन गर्दा भूगोल, खुल्ला र समावेशी क्षेत्र तोकिनेछ।

(ख) सबै तहका निर्वाचित कमिटीहरू समावेशी चरित्रका हुनेछन् र तिनमा न्यूनतम् एकतिहाई महिला सदस्य रहनेछन्। महिला प्रतिनिधित्वको स्वरूप पनि समावेशी चरित्रको हुनुपर्नेछ। नयूनतम योग्यता र मापदण्ड नपुगेको अवस्थामा भने महिला सदस्य तथा समावेशी सदस्यहरूको स्थान खाली रहनेछ।

(ग) सबै तहका कमिटीमा श्रमिक, दलित, अल्पसङ्ख्यक, आदिवासी–जनजाति र कमिटीमा आबद्ध सदस्यहरूको विशेषताअनुरूप सम्बन्धित अधिवेशनले निर्धारण गरेबमोजिम समावेशीकरण गरिनेछ ।

(घ) समावेशीताको आधार सामान्यतया सम्बन्धित समुदायको पार्टी सदस्य सङ्ख्यालाई बनाइनेछ ।

**धारा– ६७, उमेद्वार हुन आवश्यक योग्यता**

महाधिवेशन वा अधिवेशनको प्रतिनिधि हुन वा कुनै पनि कमिटीको पदाधिकारी वा सदस्य पदको उमेद्वार हुन देहायबमोजिमको न्यूनतम योग्यता पुरा भएको हुनुपर्नेछ :

(क) राष्ट्रिय महाधिवेशनमा प्रतिनिधि चुनिनका लागि कम्तिमा १० वर्ष पार्टी सदस्य भएर काम गरेको हुनुपर्नेछ । तर महिला, दलित, श्रमिक, अल्पसङ्ख्यक, आदिवासी–जनजाति र अपाङ्गता भएका व्यक्तिले भने सात वर्ष पार्टी सदस्य भई काम गरेको भए पुग्नेछ ।

(ख) केन्द्रीय कमिटीका पदाधिकारी, स्थायी कमिटी र पोलिट्ब्युरो सदस्यका लागि उमेद्वार हुन केन्द्रीय कमिटीको सदस्य भई एक कार्यकाल काम गरेको हुनुपर्नेछ ।

(ग) केन्द्रीय कमिटी सदस्यको उमेद्वार हुनका लागि कम्तिमा १० वर्ष पार्टी सदस्य भएर केन्द्रीय कमिटी वा केन्द्रीय निकायको सदस्य वा प्रदेश कमिटीको सदस्य वा केन्द्रीय विभागको सदस्य वा जिल्ला कमिटीको पदाधिकारी वा जनसङ्गठनको केन्द्रीय पदाधिकारी भई एक कार्यकाल काम गरेको हुनुपर्नेछ । तर महिला, दलित, श्रमिक, अल्पसङ्ख्यक, आदिवासी–जनजाति र अपाङ्गता भएका व्यक्तिको हकमा भने एक कार्यकाल जिल्ला कमिटी वा सोभन्दा माथिल्लो कमिटीको सदस्य भई काम गरेको र सात वर्ष पार्टी सदस्य भई काम गरेको भए पुग्नेछ ।

(घ) केन्द्रीय अनुशासन आयोगको सदस्य हुन केन्द्रीय कमिटीको सदस्यको योग्यता पुगेको र पार्टी जीवनमा अनुशासनको कारबाहीमा नपरेको

हुनुपर्नेछ। अध्यक्ष हुनका लागि पोलिट्ब्युरो सदस्यको योग्यता पुगेको हुनुपर्नेछ।

(ङ) केन्द्रीय लेखा आयोगको सदस्य हुन केन्द्रीय कमिटीको सदस्यको योग्यता पुगेको र आर्थिक प्रशासन तथा लेखापरीक्षणका विषयमा व्यवहारिक ज्ञान भएको हुनुपर्नेछ। अध्यक्ष हुनका लागि पोलिट्ब्युरो सदस्यको योग्यता पुगेको हुनुपर्नेछ।

(च) केन्द्रीय निर्वाचन आयोगको सदस्य हुन केन्द्रीय कमिटीको सदस्यको योग्यता पुगेको र निर्वाचनसम्बन्धी कानुनी र व्यवहारिक ज्ञान भएको हुनुपर्नेछ। अध्यक्ष हुनका लागि पोलिट्ब्युरो सदस्यको योग्यता पुगेको हुनुपर्नेछ।

(छ) केन्द्रीय सल्लाहकार परिषद्को सदस्य हुन केन्द्रीय कमिटीको सदस्यको योग्यता पुगेको वा पार्टी सदस्य भई कम्तिमा ३० वर्ष काम गरेको वा दर्शनशास्त्र, राजनीतिशास्त्र, अर्थशास्त्र, समाजशास्त्र, परराष्ट्र मामिला, कानुन र विज्ञान प्रविधिजस्ता विषयको विज्ञ र १० वर्ष पार्टी सदस्य भई काम गरेको हुनुपर्नेछ। अध्यक्ष हुनका लागि पोलिट्ब्युरो सदस्यको योग्यता पुगेको हुनुपर्नेछ।

(ज) विभागको सदस्य हुन एकतह तल्लो कार्यकारी कमिटीको सदस्य वा सम्बन्धित विषयको विज्ञ हुनुपर्नेछ।

(झ) प्रदेश कमिटीको सदस्य हुन कम्तिमा सात वर्ष पार्टी सदस्य भई काम गरेको र जिल्ला वा सोभन्दा माथिल्लो कमिटी वा विभागको सदस्य भई एक कार्यकाल काम गरेको हुनुपर्नेछ। तर महिला, दलित, श्रमिक, अल्पसङ्ख्यक, आदिवासी जनजाति र अपाङ्गता भएका व्यक्तिको हकमा भने पार्टी सदस्य भई पाँच वर्ष काम गरेको र एक कार्यकाल जिल्ला कमिटी वा जनसङ्गठन वा विभागमा रही काम गरेको भए पुग्नेछ।

(ञ) जिल्ला र सो मातहतका कमिटी, निकाय वा विभागको पदाधिकारी तथा सदस्य पदका लागि उमेद्वार हुन सम्बन्धित अधिवेशनले तोकेबमोजिमको योग्यता हुनुपर्नेछ।

(ट) अन्य पार्टीबाट वा सामाजिक क्षेत्रमा विशिष्ट योगदान गरी पार्टीमा प्रवेश गरेका व्यक्तिको हकमा महाधिवेशन वा कुनै पनि तहको अधिवेशनमा प्रतिनिधि हुन वा कुनै पनि कमिटीको सदस्य पदका लागि उमेद्वार हुन पार्टी सदस्यताको अवधिसम्बन्धी व्यवस्था लागू हुनेछैन ।

(ठ) सबै तहका कमिटी वा निकायमा पदाधिकारी वा सदस्यका लागि उमेद्वार हुन चाहने व्यक्तिले आधारभूत तहको पार्टी स्कूल वा प्रशिक्षण कक्षमा सहभागी भएको हुनुपर्नेछ । तर, कुनै पनि तहको कमिटी वा निकायको बहालवाला पदाधिकारी वा सदस्यलाई कुनै पनि तहको कमिटी वा निकायमा उमेद्वार हुन उक्त व्यवस्था अनिवार्य हुनेछैन ।

(ड) पदाधिकारी वा सदस्य पदमा निर्वाचित व्यक्तिको योग्यता पुरा भएको छैन भनी उजुरी परेमा सम्बन्धित कमिटीले छानवीन गर्नेछ र तोकिएको न्यूनतम् योग्यता पुरा नभएको पुष्टि भएमा निज पदमुक्त हुनेछ ।

**धारा– ६८, मनोनयनसम्बन्धी व्यवस्था**

(क) केन्द्रीय कमिटी तथा मातहतका कमिटीले आफ्नो तहको महाधिवेशन वा अधिवेशनबाट निर्वाचित कूल सदस्य सङ्ख्याको १० प्रतिशतभन्दा बढी नहुने गरी सदस्य मनोनित गर्न सक्नेछन् ।

(ख) केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा आयोग र केन्द्रीय निर्वाचन आयोगले महाधिवेशनबाट निर्वाचित सदस्य सङ्ख्याको बढीमा १० प्रतिशत सदस्य मनोनित गर्न सक्नेछन् ।

(ग) केन्द्रीय कमिटीले आवश्यक ठानेमा अन्य राजनीतिक पार्टी वा समूहबाट पार्टीमा समाहित हुन आउने व्यक्तिलाई केन्द्रीय कमिटीमा मनोनयन गर्न सक्नेछ ।

(घ) केन्द्रीय कमिटीबाहेक मातहतका कमिटीले माथिल्लो कमिटीको अनुमतिमा १० प्रतिशतमा नबढ्ने गरी अन्य राजनीतिक पार्टी वा समूहबाट पार्टीमा समाहित हुन आउने व्यक्तिलाई आफ्नो कमिटीमा मनोनयन गर्न सक्नेछ। सोभन्दा बढी मनोनयन गर्नुपरेमा केन्द्रीय कमिटीको पूर्व अनुमति लिनु पनेर्छ ।

(ङ) केन्द्रीय कमिटीले आवश्यक ठानेमा समान राजनीतिक विचारधारा भएका अन्य दलसँग एकीकरण सम्झौता गरी एकता प्रक्रियालाई अघि बढाउन सक्नेछ र सो सम्झौतामा लेखिएको कुरा यसै विधानको अभिन्न अङ्ग मानिनेछ ।

**धारा– ६९, पदबहाली गर्नुअघि शपथग्रहण गर्नुपर्ने**

(क) कुनै पनि कमिटी वा निकायमा निर्वाचित वा मनोनित पदाधिकारी वा सदस्यले पदबहाली गर्नुअघि अनुसूची– ५ बमोजिम शपथग्रहण गर्नुपर्नेछ ।

(ख) निर्वाचन वा मनोनयन सम्पन्न भएपछि देहायको व्यक्तिलाई देहायका पदाधिकारीले शपथग्रहण गराउनेछ :

१. केन्द्रीय कमिटी, केन्द्रीय अनुशासन आयोग र केन्द्रीय लेखा आयोगका अध्यक्षलाई केन्द्रीय निर्वाचन आयोगको अध्यक्षले र आयोगका उपाध्यक्ष, सचिव तथा सदस्यलाई सम्बन्धित आयोगका अध्यक्षले,

२. निर्वाचन आयोगको अध्यक्ष र केन्द्रीय सल्लाहकार परिषद्का अध्यक्षलाई केन्द्रीय कमिटीको अध्यक्षले,

३. केन्द्रीय कमिटीका उपाध्यक्ष, महासचिव, उपमहासचिव, सचिव र सदस्यहरूलाई केन्द्रीय कमिटीको अध्यक्षले,

४. प्रदेश तथा स्थानीय कमिटीको अध्यक्षलाई केन्द्रीय अध्यक्षले वा सम्बन्धित तहको निर्वाचनमा खटिएका निर्वाचन आयोगको अध्यक्ष वा आयोगका सदस्य वा प्रमुख निर्वाचन अधिकृतको रूपमा जिम्मेवारी बहन गर्ने व्यक्तिले,

५. प्रदेश तथा मातहत कमिटीका उपाध्यक्ष, सचिव, उपसचिव र सदस्यलाई सम्बन्धित कमिटीका अध्यक्षले,

६. उल्लेख गरिएबाहेक नियुक्ति वा मनोनित हुने व्यक्तिलाई नियुक्ति वा मनोनयन गर्ने कमिटी वा निकायको अध्यक्ष वा प्रमुखले,

७. माथि उल्लेख भएबमोजिम शपथग्रहण गराउनुपर्ने व्यक्ति कुनै कारणले अनुपस्थित भएमा निजको जिम्मेवारी बहन गर्ने व्यक्तिले ।

**धारा– ७०, पदरिक्तता**

देहायको अवस्थामा कुनै पनि पदाधिकारी वा सदस्यको पद रिक्त भएको मानिनेछ :

(क) अध्यक्षले उपाध्यक्ष समक्ष, कमिटी वा निकायका अन्य पदाधिकारी तथा सदस्यले सम्बन्धित कमिटी वा निकायको अध्यक्षसमक्ष र सल्लाहकार परिषद्का पदाधिकारी तथा सदस्यले सम्बन्धित कमिटीको अध्यक्षसमक्ष र मनोनयनबाट नियुक्त हुने पदाधिकारी तथा सदस्यले मनोनयन गर्ने कमिटीको अध्यक्षसमक्ष तथा प्रतिनिधि परिषद् सदस्यले सम्बन्धित तहको अध्यक्षसमक्ष राजीनामा दिएमा ।

(ख) तोकिएको अवधिमा पार्टी सदस्यता नवीकरण नभएमा वा सदस्यता नरहेमा ।

(ग) मृत्यु भएमा ।

(घ) कुनै पनि कमिटीको पदाधिकारी वा सदस्यमा कार्यरत व्यक्ति अर्को कमिटीको पदाधिकारी वा सदस्य पदमा उमेद्वार भएमा । पदेन सदस्यको लागि यो व्यवस्था लागु हुनेछैन ।

(ङ) अनुशासनको कारबाहीमा परी पदमुक्त भएमा वा उमेद्वारीको लागि आवश्यक योग्यता पुरा नभएको आधारमा पदमुक्त भएमा ।

(च) महाधिवेशन वा अधिवेशनबाट निश्चित पद पछि पूर्ति हुने व्यवस्था भएमा ।

**धारा– ७१, पदपूर्ति**

(क) कुनै पनि पद रिक्त भएमा यस धाराको खण्ड (ख) र (ग) को व्यवस्थामा प्रतिकूल असर नपर्ने गरी सम्बन्धित कमिटी वा निकायले त्यस्तो पदमा उमेद्वार हुनयोग्य व्यक्तिमध्येबाट उपयुक्त व्यक्तिलाई मनोनयन गर्न सक्नेछ । मातहत कमिटीले पदपूर्ति गर्दा एकतह माथिल्लो कमिटीबाट

अनुमोदन गराउनुपर्नेछ। मनोनयनबाट नियुक्त भएका पदाधिकारी तथा सदस्यहरूको पद रिक्त भएमा मनोननय गर्ने कमिटीले पदपूर्ति गर्नेछ।

(ख) अध्यक्षको पद रिक्त भएमा सम्बन्धित कमिटीको बैठकबाट कार्यबाहक अध्यक्ष चयन नहुँदासम्म पहिलो उपाध्यक्षले कार्यबाहक भई काम गर्नेछ। महासचिवको पद रिक्त भएमा सम्बन्धित कमिटीको बैठकबाट कार्यबाहक महासचिव चयन नहुँदासम्म पहिलो उपमहासचिवले कार्यबाहक भई काम गर्नेछ। प्रदेश र स्थानीय कमिटीको सचिवको पद रिक्त भएमा सम्बन्धित कमिटीको बैठकबाट कार्यबाहक सचिव चयन नहुँदासम्म उपसचिवले कार्यबाहक भई काम गर्नेछ।

(ग) आफू अनुपस्थित हुँदा आफूले गर्नुपर्ने दैनिक कामकाज संचालन गर्नका लागि केन्द्रीय कमिटीको अध्यक्षले उपाध्यक्षहरू मध्येबाट उपयुक्त ठानेको व्यक्तिलाई कार्यबाहक अध्यक्ष तोक्न सक्नेछ। प्रदेश र स्थानीय कमिटीका अध्यक्षले उपाध्यक्षलाई कार्यवाहक अध्यक्ष तोक्न सक्नेछन्।

(घ) विधानबमोजिम कुनै पनि तहको महाधिवेशन वा अधिवेशनमा पदेन प्रतिनिधि हुन पाउने गरी निर्वाचित वा मनोनित सदस्य सम्बन्धित तहको प्रतिनिधि परिषद्को पदेन सदस्य हुनेछ।

## अध्याय– छ
## विशेष महाधिवेशन, अधिवेशन र बैठक

### धारा–७२, विशेष महाधिवेशन वा अधिवेशन

(क) ठोस कार्यसूची र कारण दर्शाई दुईतिहाइ जिल्ला कमिटी वा बहुमत राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् सदस्यले लिखित रूपमा माग गरेमा मागपत्र दर्ता गरेको मितिले ६ महिनाभित्र केन्द्रीय कमिटीले विशेष महाधिवेशन आयोजना गर्नुपर्नेछ।

(ख) खण्ड (क) बमोजिम महाधिवेशन आयोजना नगरिएमा महाधिवेशनको माग गर्ने कमिटी वा राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् सदस्यले

महाधिवेशन आयोजक कमिटी बनाई विशेष महाधिवेशन आयोजना गर्न सक्नेछन् ।

(ग) कुनै तहको अधिवेशन प्रतिनिधि परिषद्का बहुमत सदस्यले माग गरेमा सम्बन्धित कमिटीले तीन महिनाभित्र विशेष अधिवेशन आयोजना गर्नुपर्नेछ ।

(घ) विशेष महाधिवेशन/अधिवेशनले महाधिवेशन/अधिवेशनका लागि यस विधानका विभिन्न धारामा तोकिएको सम्पूर्ण अधिकार र कर्तव्य पालना गर्न सक्नेछ ।

**धारा– ७३, बैठक**

पार्टीका विभिन्न तहका कमिटी, निकाय, परिषद् र विभागका बैठक देहायबमोजिम हुनेछन् :

(क) सामान्यतया केन्द्रीय कमिटीको बैठक छ महिना, प्रदेश कमिटीको बैठक चार महिना, जिल्ला कमिटीको बैठक तीन महिना, पालिका कमिटीको बैठक दुई महिना र सो मातहतका कमिटीको बैठक एक महिनामा नबढाई आयोजना गर्नुपर्नेछ ।

(ख) सामान्यतया पोलिट्ब्युरोको बैठक चार महिना, स्थायी कमिटीको बैठक तीन महिना, केन्द्रीय सचिवालयको बैठक एक महिना र सबै तहका विभागको बैठक दुई महिनामा नबढाई आयोजना गर्नुपर्नेछ ।

(ग) सबै तहका सल्लाहकार परिषद्हरूको बैठक आवश्यकताअनुसार आयोजना गर्नुपर्नेछ ।

(घ) कमिटीका बहुमत सदस्यहरूले माग गरेको खण्डमा केन्द्रीय कमिटी र मातहत कमिटीको बैठक एक महिनाभित्र बोलाउनुपर्नेछ ।

(ङ) केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा आयोग, केन्द्रीय निर्वाचन आयोगका बैठक आ–आफ्नो कार्यसम्पादन नियमावलीमा तोकिएबमोजिम हुनेछ ।

### धारा– ७४, बहुमतको निर्णय पार्टी निर्णय

(क) राष्ट्रिय महाधिवेशन, विधान महाधिवेशन, अधिवेशन, प्रतिनिधि परिषद् र बैठकमा सबै विषयमाथि छलफल गर्दा लोकतान्त्रिक प्रक्रिया अपनाइनेछ र सम्भव भएसम्म सर्वसम्मतिले निर्णय गरिनेछ ।

(ख) कुनै विषयमा सर्वसम्मति कायम हुन नसकी निर्णय प्रक्रियामा मत विभाजन भएमा बहुमतको निर्णय पार्टी निर्णय हुनेछ ।

(ग) निर्णयमा असहमत हुने सदस्यले आफ्नो असहमति लिखित रूपमा कमिटीमा प्रस्तुत गर्नुपर्नेछ । कमिटीको निर्णय पुस्तिकामा लिखित रूपमा दर्ज भएको असहमतिलाई मात्र फरक मतको मान्यता हुनेछ ।

## अध्याय– सात

## सङ्घीय संसदीय दल, प्रदेशसभा दल र पालिकासभा दल

### धारा– ७५, सङ्घीय संसदीय दल

(क) पार्टीको चुनाव चिन्ह लिई विजयी भएका तथा पछि दलको सदस्यता ग्रहण गरेका सङ्घीय संसद (प्रतिनिधिसभा र राष्ट्रियसभा)का सदस्यहरू समावेश भएको सङ्घीय संसदीय दल हुनेछ ।

(ख) सङ्घीय संसदीय दलले आफ्नो विधान र नियमावली केन्द्रीय कमिटीबाट अनुमोदन गराउनेछ र सोअनुरूप कार्य गर्नेछ ।

(ग) केन्द्रीय कमिटीले पार्टीको कार्यक्रम र नीतिअनुरूप सङ्घीय संसदीय दललाई नेतृत्व प्रदान गर्नेछ ।

(घ) प्रतिनिधिसभा तथा राष्ट्रियसभाका सदस्यहरू केन्द्रीय कमिटी, आफू कार्यरत रहेको कमिटी र आफू निर्वाचित रहेको निर्वाचन क्षेत्रप्रति उत्तरदायी हुनेछन् । पार्टीको नीति र निर्णय पालना गर्नु उनीहरूको कर्तव्य हुनेछ ।

(ङ) सङ्घीय संसदीय दलको नेताको निर्वाचन, संसदीय बोर्डको गठन र अन्य पदाधिकारीको चयन संसदीय दलको विधानबमोजिम हुनेछ ।

**धारा– ७६, प्रदेशसभा दल**

(क) पार्टीको चुनाव चिन्ह लिई विजयी भएका तथा पछि दलको सदस्यता ग्रहण गरेका प्रदेशसभाका सदस्यहरू समावेश भएको प्रदेशसभा दल हुनेछ ।

(ख) प्रदेशसभा दलले आफ्नो विधान र नियमावली निर्माण गरी प्रदेश कमिटीबाट अनुमोदन गराउनेछ र सोअनुरूप कार्य गर्नेछ ।

(ग) प्रदेश कमिटीले पार्टीको कार्यक्रम, नीति र केन्द्रीय कमिटीको निर्देशनअनुरूप प्रदेशसभा दललाई नेतृत्व प्रदान गर्नेछ ।

(घ) प्रदेशसभा दलका सदस्य केन्द्रीय कमिटी, प्रदेश कमिटी, आफू कार्यरत रहेको कमिटी र आफू निर्वाचित रहेको क्षेत्रप्रति उत्तरदायी हुनेछ । पार्टीको नीति र निर्णयहरू पालना गर्नु उनीहरूको कर्तव्य हुनेछन् ।

(ङ) प्रदेशसभा दलको नेताको निर्वाचन, प्रदेशसभा बोर्डको गठन र अन्य पदाधिकारीको चयन प्रदेशसभा दलको विधानबमोजिम हुनेछ ।

**धारा– ७७, पालिकासभा दल**

(क) स्थानीय तहमा निर्वाचित, मनोनित र पछि दलको सदस्यता ग्रहण गरेका जनप्रतिनिधिहरू सम्मिलित पालिकासभा दल हुनेछ ।

(ख) सम्बन्धित पालिकाको प्रमुख/अध्यक्ष पालिकासभा दलको नेता हुनेछन् । निज नभएमा उपप्रमुख/उपाध्यक्ष र निज पनि नभएमा सम्बन्धित पार्टी कमिटीले तोकेको बरिष्ठतम् जनप्रतिनिधि पालिकासभा दलको नेता हुनेछन् ।

(ग) जिल्ला र सम्बन्धित पालिका कमिटीले पालिकासभा दलमार्फत् सम्बन्धित स्थानीय तहमा कार्यरत जनप्रतिधिहरूलाई नेतृत्व प्रदान गर्नेछन् ।

(घ) पालिकासभा दलले सम्बन्धित पालिकाको पार्टी कमिटीसँग समन्वय गरी कार्य गर्नेछ ।

(ङ) स्थानीय तहमा कार्यरत पार्टीका जनप्रतिनिधिहरू पार्टी र आफू निर्वाचित भएको क्षेत्रका जनताप्रति उत्तरदायी हुनेछन् । पार्टीको नीति र निर्णयहरू पालना गर्नु उनीहरूको कर्तव्य हुनेछ ।

## अध्याय– आठ
## लोकतान्त्रिक विधिको अवलम्बन र अनुशासनको पालना

### धारा– ७८, पार्टीको सार्वभौम अधिकार पार्टी सङ्गठित सदस्यमा रहने

प्रत्येक पार्टी सङ्गठित सदस्य कमिटीको मातहत हुनेछ, अल्पमत बहुमतको मातहत हुनेछ, तल्लो कमिटी माथिल्लो कमिटीको मातहत हुनेछ, सबै सदस्य तथा कमिटीहरू केन्द्रीय कमिटी मातहत हुनेछन् र केन्द्रीय कमिटी राष्ट्रिय महाधिवेशनको मातहत हुनेछ । पार्टीको सार्वभौम अधिकार पार्टी सङ्गठित सदस्यमा निहीत रहनेछ ।

### धारा– ७९, लोकतान्त्रिक निर्णय पद्धति अवलम्बन गरिने

कुनै पनि मातहत कमिटीले माथिल्लो कमिटीको वा सङ्गठित सदस्यले कमिटीको निर्णय र विचारप्रति आफ्नो कमिटीमा असहमति प्रकट गर्न पाउनेछन् । तर हरेक सङ्गठित सदस्य वा कमिटीले सम्बन्धित कमिटीको बहुमत र माथिल्लो कमिटीको निर्णय पालना गर्नुपर्नेछ । बहुमतले अल्पमतलाई कदर गर्नुपर्नेछ ।

### धारा– ८०, फरक मतलाई भेदभाव नगरिने

प्रत्येक पार्टी सदस्यले विधानको अधीनमा रही राष्ट्रिय महाधिवेशन वा विधान महाधिवेशन वा अधिवेशन वा आफ्नो कमिटीको बैठकमा आफ्नो मत राख्न पाउनेछन् र फरक मतका कारणले कसैप्रति भेदभाव गरिने छैन । तर फरक मत राख्नेले आफ्नो पदीय वा सङ्गठनात्मक दायित्व भने निर्वाह गरिरहनु पर्नेछ ।

**धारा– ८१, फरक मतमा छलफल हुनसक्ने**

(क) धारा– ८० बमोजिमको फरक मतका सम्बन्धमा छलफलको माग भएमा तोकिएको प्रक्रियाअनुरूप छलफल गर्न सकिनेछ ।

(ख) राष्ट्रिय महाधिवेशन वा विधान महाधिवेशनका निर्णयसँग असहमतिका विषयहरूलाई अर्को राष्ट्रिय महाधिवेशन वा विधान महाधिवेशनमा वा केन्द्रीय कमिटीले बहस खुला गरेको अवस्थामा तोकिएको प्रक्रियाअनुरूप उठाउन पाइनेछ ।

**धारा– ८२, सम्पत्ति विवरण**

केन्द्रीय कमिटी, केन्द्रीय निकाय र पार्टीको तर्फबाट प्रतिनिधित्व गर्ने प्रधानमन्त्री, सङ्घीय मन्त्री, सांसद, मुख्यमन्त्री, मन्त्री, प्रदेशसभा सदस्य, जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख, महानगर, उपमहानगर र नगरपालिकाका प्रमुख, उपप्रमुख, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र पार्टीको सिफारिसमा सार्वजनिक पदमा नियुक्त भएका व्यक्तिले देहायबमोजिमको कर्तव्य पालना गर्नुपर्नेछ :

(क) आफू निर्वाचित/मनोनित/नियुक्त भएको मितिले ६० दिनभित्र र पदमुक्त भएको मितिले ६० दिनभित्र केन्द्रीय अनुशासन आयोगसमक्ष तोकिएको ढाँचामा सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

(ख) केन्द्रीय अनुशासन आयोगले त्यस्तो सम्पत्ति विवरण अद्यावधिक गर्नेछ, आवश्यकताअनुसार छानवीन गर्नेछ र अस्वाभाविक सम्पत्ति आर्जन गरेको प्रमाणित भएमा अनुशासनको कारबाही गर्न सम्बन्धित कमिटीलाई निर्देशन दिन सक्नेछ ।

**धारा– ८३, अनुशासन उल्लङ्घन गरेको मानिने**

देहायबमोजिमको कुनै अवस्थामा कुनै पार्टी सदस्य वा कुनै कमिटीको पदाधिकारी वा सदस्य वा कमिटीमाथि अनुशासनको कारबाही हुनसक्नेछ :

(क) पार्टीको वैधानिक व्यवस्था र कार्यक्रमको विपक्षमा सार्वजनिक क्रियाकलाप गरेमा ।

(ख) पार्टीभित्र गुटबन्दी वा षड्यन्त्र वा विपक्षीलाई सहयोग पुऱ्याउने कार्य वा पार्टीविरुद्ध शत्रुवत् व्यवहार गरेमा ।

(ग) पार्टी निर्णय उल्लङ्घन गरेमा वा पार्टीको प्रतिष्ठा र मर्यादामा आँच आउने काम गरेमा ।

(घ) पार्टीप्रति निष्ठा र विश्वास नरहेको भनी सार्वजनिक अभिव्यक्ति दिएमा वा सो बमोजिम क्रियाकलाप गरेमा वा पार्टीको गोपनीयता भङ्ग गरेमा ।

(ङ) पार्टीद्वारा सञ्चालित आन्दोलनको विरुद्धमा गतिविधि गरेमा वा विरोधीसँग साँठगाँठ गरेमा ।

(च) कुनै जनप्रतिनिधिमूलक संस्थाको निर्वाचनमा पार्टीको निर्णयविपरीत उमेद्वार बनेमा, पार्टीको उमेद्वारविरुद्ध प्रचार गरेमा वा पार्टीको उमेद्वारका विरुद्धमा उठ्ने अन्य कुनै उमेद्वारको प्रस्तावक वा समर्थक बनेमा वा त्यस्तो उमेद्वारको पक्षमा प्रचार-प्रसार लगायतको कुनै काम गरेमा ।

(छ) कुनै पनि तहको सरकार वा जनप्रतिनिधि संस्था वा पार्टीले पठाएको सार्वजनिक जिम्मेवारीमा रहँदा पार्टी निर्णय वा निर्देशनविपरीत कार्य गरेमा ।

(ज) नैतिक पतन देखिने फौजदारी कसुर गरेमा वा भ्रष्ट क्रियाकलाप गरेमा वा अवाञ्छित तत्वसँग साँठगाँठ गरी राष्ट्रको हीतविपरीत काम गरेमा ।

(झ) धारा– ८२ बमोजिम सम्पत्ति विवरण नदिएमा वा झुट्ठा विवरण पेस गरेमा वा स्रोत खुलाउन नचाहेमा ।

(ञ) पदीय आचरण वा पार्टी हीतविपरीत आर्थिक अनुशासनहीनता या पार्टी सम्पत्तिको हिनामिनामा सङ्लग्न भएमा ।

(ट) छुवाछूत वा जातीय भेदभाव वा लैङ्गिक हिंसाजन्य क्रियाकलाप गरेमा ।

(ठ) पार्टीको विधान वा नियमावलीमा पार्टी सदस्य वा पार्टी कमिटीहरूले पालन गर्नुपर्ने भनी उल्लेखित कर्तव्यको उल्लङ्घन गरेमा ।

(ड) सार्वजनिक नैतिकता तथा सदाचारको उल्लङ्घन गरेमा वा पार्टीको साखमा प्रतिकूल असर पर्ने कार्य गरेमा ।

**धारा– ८४, अनुशासनको कारबाहीसम्बन्धी व्यवस्था**

(क) यस विधान, नियमावली, विनियम वा आचारसंहिता वा निर्देशनमा उल्लेख भएको कुनै कुरा उल्लङ्घन गर्ने कुनै पदाधिकारी वा सदस्यलाई प्रकृति र परिणाम हेरी सम्बन्धित कमिटी/निकायले आलोचना गर्ने वा लिखित रूपमा आत्मालोचना गराउने वा चेतावनी दिने वा पदमा रहेर निश्चित समय काम गर्न रोक लगाउने वा पद वा सदस्यताबाट निलम्बन गर्ने वा पदबाट निश्कासनको कारबाही गर्ने वा अन्य उपयुक्त कारबाही गर्न सक्नेछ। यस्तो कारबाही मनोनयनबाट नियुक्त भएका पदाधिकारी तथा सदस्यहरूको हकमा मनोननय गर्ने कमिटीले गर्न सक्नेछ। जिल्ला मातहतका कमिटीले पार्टी सदस्यताबाट निश्कासनको सिफारिस गर्न सक्नेछन् तर पार्टी सदस्यताबाट निश्कासनको कारबाही गर्ने अधिकार जिल्ला कमिटी र सोभन्दा माथिल्लो कमिटीलाई हुनेछ।

(ख) कुनै पनि व्यक्तिलाई कारबाही गर्नुअघि स्पष्टीकरणको मौका दिनुपर्नेछ।

(ग) पार्टी सदस्यताबाट निश्कासनको कारबाही गर्दा माथिल्लो कमिटीको अनुमोदन अनिवार्य हुनेछ। तर केन्द्रीय कमिटीले कारबाही गर्दा अनुमोदन आवश्यक पर्नेछैन।

(घ) कुनै पनि कमिटीले आफूलाई तोकिएको अधिकार र कर्तव्यको पालना नगरेमा माथिल्लो कमिटीले विघटन गर्न सक्नेछ र त्यस्तो निर्णय एकतह माथिल्लो कमिटीबाट अनुमोदन भएपछि लागू हुनेछ। मनोनयनबाट नियुक्त भएका कमिटी/निकायले तोकिएको अधिकार र कर्तव्यको पालना नगरेमा मनोनयन गर्ने कमिटीले विघटन गर्न सक्नेछ।

(ङ) बिना सूचना र बिना उचित कारण लगातार तीन पटकसम्म कमिटी बैठकमा अनुपस्थित रहेमा कमिटी सदस्यता स्वतः समाप्त हुनेछ।

(च) अनुशासनको कारबाहीस्वरूप निलम्बनमा परी फुकुवा भएको ६ महिना व्यतित गरिनसकेको पार्टी सदस्यले पार्टीको कुनै पनि तह र जनप्रतिनिधिमूलक निकायको निर्वाचनमा उमेद्वार हुन पाउने छैन।

(छ) पार्टी सदस्यताबाट निलम्बन गर्ने अधिकतम् अवधि दुई वर्षसम्म हुनेछ।

(ज) पार्टीको चुनाव चिन्हबाट निर्वाचित वा पछि दलको सदस्यता ग्रहण गरेको सङ्घीय संसदको सदस्य वा प्रदेशसभा सदस्य वा पालिकासभा दलको सदस्यलाई सङ्घीय कानूनबमोजिम जनप्रतिनिधिको पदबाट हटाउने अधिकार केन्द्रीय कमिटीलाई र अन्य कारबाही गर्ने अधिकार निज सङ्गठित भएको कमिटी वा केन्द्रीय कमिटीमा निहीत हुनेछ। केन्द्रीय कमिटीबाहेक अन्य कमिटीले गरेको त्यस्तो निर्णय एकतह माथिको कमिटीबाट अनुमोदन भएपछि लागू हुनेछ।

### धारा– ८५, पुनरावेदनसम्बन्धी व्यवस्था

कुनै पनि सदस्य वा कमिटीले आफूमाथि भएको कारबाही चित्त नबुझेमा एक तह माथिल्लो कमिटीमा पुनरावेदन गर्न सक्नेछ। केन्द्रीय कमिटीको कारबाही चित्त नबुझेमा वा केन्द्रीय कमिटीले प्रदेश कमिटीले गरेको कारबाही अनुमोदन गरेकोमा चित्त नबुझेमा त्यस्तो व्यक्तिले केन्द्रीय अनुशासन आयोगमा पुनरावेदन गर्न सक्नेछ। सदस्यताबाट वा पदबाट निश्कासन गर्ने निर्णय भएकोमा जुन कमिटीले निर्णय अनुमोदन गर्ने हो सोभन्दा एक तह माथिल्लो कमिटीमा पुनरावेदन गर्न सकिनेछ। पुनरावेदन सुन्ने कमिटी वा आयोगले सँजाय सदर, बदर वा परिवर्तन गर्न सक्नेछ।

## अध्याय– नौ

## पार्टी कोष र सम्पत्तिको व्यवस्था

### धारा– ८६, पार्टीको कोष

पार्टी कोषको स्रोत देहायबमोजिमको रहनेछ :

(क) तोकिएबमोजिमको सदस्यता शुल्क।

(ख) तोकिएबमोजिमको लेबी।

(ग) विशेष आर्थिक सहयोग।

(घ) प्रकाशन बिक्री वितरणबाट प्राप्त आय।

(ङ) पार्टी सम्पत्तिको परिचालनबाट प्राप्त आय।

(च) विशेष कार्यक्रम वा अभियानबाट सङ्कलित आय।

**धारा– ८७, पार्टी कोषको सञ्चालन र व्यवस्थापन**

पार्टी कोषको सञ्चालन तथा व्यवस्थापन देहायबमोजिम हुनेछ :

(क) केन्द्रीय कमिटी, प्रदेश कमिटी र स्थानीय कमिटीले धारा– ८९, ९० बमोजिम आ–आफ्नो कमिटीको निर्णयका आधारमा स्रोत परिचालन, कोष निर्माण र खर्च तथा लेखा व्यवस्थापन गर्नेछन् ।

(ख) कोषको व्यवस्थापन र संचालन पार्टीको आर्थिक विनियम अनुसार हुनेछ ।

(ग) सबै तहका पार्टी कमिटीले आर्थिक विनियमअनुसार आफ्नो कमिटीको आय–व्ययको हिसाब राख्नेछन् र वार्षिक रूपमा लेखापरीक्षण गराइ आफ्नो तहको अधिवेशन तथा अधिवेशन प्रतिनिधि परिषद्मा पेश गर्नेछन् ।

**धारा– ८८, कार्यकर्ता संरक्षण कोष**

केन्द्रीय कमिटीले पार्टी कार्यकर्ताको संरक्षणका लागि विनियम बनाइ कार्यकर्ता संरक्षण कोष स्थापना र सञ्चालन गर्न सक्नेछ ।

**धारा– ८९, पार्टीको अचल र जिन्सी सम्पत्ति**

पार्टीको नाममा भएका अचल र जिन्सीलगायत सम्पूर्ण सम्पत्तिमा केन्द्रीय कमिटीको स्वामित्व रहनेछ। त्यसको लगत तोकिएबमोजिम राखिनेछ। केन्द्रीय कमिटीको लिखित अनुमतिबिना लिइएको ऋण तथा दायित्वप्रति पार्टी जवाफदेही हुनेछैन । सम्पत्तिको परिचालन आर्थिक विनियमबमोजिम हुनेछ ।

**धारा– ९०, पारिश्रमिक र खर्च व्यवस्था**

पार्टी नेता तथा कार्यकर्तालाई काममा खटाउँदा हुने पारिश्रमिक तथा खर्च व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**धारा– ९१, लेखा र लेखापरीक्षण**

(क) सबै तहका कमिटीमा आय–व्ययको हिसाब केन्द्रीय लेखा आयोगले तोकेबमोजिम राखिनेछ ।

(ख) केन्द्रीय कमिटी, प्रदेश कमिटी, सम्पर्क समन्वय कमिटी, जिल्ला कमिटी, महानगरपालिका कमिटी, उपमहानगरपालिका कमिटी र पार्टीका घोषित जनसङ्गठनहरूको केन्द्रीय तहको लेखापरीक्षण केन्द्रीय लेखा आयोगले गर्नेछ ।

(ग) आम्दानी तथा खर्च व्यवस्थापन र लेखापरीक्षणसम्बन्धी अन्य कार्य तोकिएबमोजिम हुनेछ ।

(घ) केन्द्रीय कमिटीले आफ्नो वा मातहत कमिटीमा आबद्ध सदस्य वा कर्मचारीले अनुशासन उल्लङ्घन गरेमा त्यस्तो व्यक्तिको हस्ताक्षरबाट संचालित खाता वा मातहत कमिटीको नगद वा जिन्सी सम्पत्ति रोक्का राख्न र त्यसका लागि सम्बन्धित निकायमा पत्राचार गर्न सक्नेछ ।

(ङ) पालिका वा सोभन्दा माथिल्लो तहका कमिटीले हरेक आर्थिक वर्षभित्र लेखापरीक्षण गराउनुपर्नेछ र अधिवेशनमा लेखापरीक्षण प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ ।

## अध्याय– दश

# विविध

### धारा– ९२, विधान संशोधन प्रस्ताव

(क) केन्द्रीय कमिटीले विधान संशोधनसम्बन्धी लिखित प्रस्ताव राष्ट्रिय विधान महाधिवेशनसमक्ष प्रस्तुत गर्नेछ ।

(ख) केन्द्रीय कमिटीले विधान महाधिवेशन सुरु हुनुभन्दा एक महिना अगावै मातहत कमिटी र सदस्यहरूसमक्ष विधान संशोधनसम्बन्धी प्रस्ताव छलफलका लागि पठाउनुपर्नेछ ।

(ग) विधानमा संशोधन पेश गर्न चाहने प्रदेश वा स्थानीय कमिटी वा सदस्यले लिखित सुझाव तोकिएबमोजिम केन्द्रीय कमिटीसमक्ष प्रस्तुत गर्नुपर्नेछ । यस्तो सुझावका सम्बन्धमा केन्द्रीय कमिटीले आवश्यक निर्णय गर्नेछ ।

**धारा– ९३, विभागहरू**

(क) केन्द्रीय, प्रदेश र स्थानीय तहमा तोकिएबमोजिम विभागहरू रहनेछन् ।

(ख) विभाग गठन गर्ने सम्बन्धित कमिटीले विभागको प्रमुख, उपप्रमुख, सचिव र सदस्यहरू नियुक्त गर्नेछ ।

(ग) विभागअन्तर्गत विभिन्न डेस्क वा शाखाहरू गठन गर्न सकिनेछ ।

(घ) विभागका काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछन् ।

**धारा– ९४, जनसङ्गठन समन्वय संयन्त्र**

पार्टीका घोषित जनसङ्गठनहरू पार्टीको वैचारिक तथा नीतिगत मार्गदर्शनमा परिचालित हुनेछन् । उनीहरूलाई पार्टी नीतिअनुरूप परिचालन गर्न समन्वय संयन्त्र निर्माण गरिनेछ । यसको अधिकार र कर्तव्य तोकिएबमोजिम हुनेछ ।

**धारा– ९५, पार्टी संयन्त्र**

पार्टीका घोषित जनसङ्गठन बाहेकका सामाजिक तथा सामुदायिक सङ्गठनहरूलाई जनता र राष्ट्रको सेवामा परिचालित गर्न सम्बन्धित पार्टी कमिटीले सम्बन्धित सङ्गठनमा रहेका पार्टी सदस्य वा समर्थकहरूका बीचमा संयन्त्र गठन गर्नेछ ।

**धारा– ९६, स्वयंसेवी सङ्गठन**

मानवीय समस्या तथा प्राकृतिक कारणले विपतमा परेका जनतालाई उद्धार, राहत र सेवा पुर्‍याउन केन्द्रीय कमिटीले स्वयंसेवी सङ्गठन निर्माण गर्नेछ । यसको नाम, संरचना, सञ्चालन विधि, अधिकार र कर्तव्य तोकिएबमोजिम हुनेछ ।

**धारा– ९७, कार्यालय सञ्चालन**

(क) पार्टीको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ । यसको सञ्चालन केन्द्रीय कमिटीले गर्नेछ ।

(ख) प्रदेश र स्थानीय कमिटीहरूले आ–आफ्नो तहका कार्यालय सञ्चालन गर्न सक्नेछन् ।

**धारा– १८, बरियताक्रम तथा पदेन सदस्यको अधिकार र कर्तव्य**

(क) सबै तहका कमिटी तथा निकायहरूले आफ्नो कमिटी वा निकायका पदाधिकारी र सदस्यहरूको बरियताक्रम तोक्न सक्नेछन् ।

(ख) प्रदेश र स्थानीय तहका सल्लाहकार परिषद्का अध्यक्षहरू सम्बन्धित तहको कमिटीको बैठकमा सहभागी हुनेछन् तर निजहरूलाई मताधिकार हुनेछैन ।

(ग) पदेन सदस्य भनी यस विधानमा उल्लेखित सदस्यहरूलाई आफ्नो कमिटीबाहेक पदेन हैसियतमा सहभागी भएको माथिल्लो कमिटीको बैठकमा मताधिकार हुनेछैन ।

**धारा– १९, ज्येष्ठ कम्युनिष्ट मञ्च**

(क) केन्द्रीय कमिटी, प्रदेश कमिटी, जिल्ला कमिटी र पालिका कमिटीले आफ्नो तहमा पार्टीमा लामो समय योगदान गरेका र ७० वर्ष उमेर पूरा भएका सदस्यहरू रहेको ज्येष्ठ कम्युनिष्ट मञ्च गठन गर्नेछन् ।

(ख) मञ्चमा सम्बन्धित कमिटीले तोकेबमोजिम अध्यक्ष, उपाध्यक्ष, सचिव र सदस्यहरू रहनेछन् ।

(ग) सम्बन्धित कमिटीले मञ्चका पदाधिकारी र सदस्यलाई विशेष समारोह आयोजना गरी तोकिएबमोजिमको परिचय–पत्र प्रदान गर्नेछन् ।

(घ) मञ्चको बैठक आवश्यकता अनुसार बस्नेछ। मञ्चका अध्यक्षले सम्बन्धित कमिटीको अध्यक्षसँग परामर्श गरी मञ्चको बैठक बोलाउनेछन् ।

(ङ) मञ्चका पदाधिकारी र सदस्य आफूमा रहेको ज्ञान र अनुभव नयाँ पुस्तामा हस्तान्तरण गर्न र पार्टीको पक्षमा जनमत निर्माण गर्नमा सक्रिय रहनेछन् । मञ्चसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**धारा– १००, कानुनी व्यक्तित्व हुने**

यो पार्टी अविच्छिन्न उत्तराधिकारवाला स्वशासित सङ्गठित संस्था हुनेछ। यसले व्यक्तिसरह प्रचलित कानुनले दिएको अधिकारको प्रयोग गर्नेछ।

**धारा– १०१, अनुसन्धान प्रतिष्ठान**

पार्टीले समाज विज्ञानका विभिन्न विधामा अध्ययन–अनुसन्धानका लागि अनुसन्धान प्रतिष्ठान स्थापना गर्न सक्नेछ। यसको नामाकरण, गठन, क्षेत्राधिकार तथा सञ्चालन विधि तोकिएबमोजिम हुनेछ।

**धारा– १०२, पार्टीका औपचारिक कार्यक्रम**

पार्टीका औपचारिक कार्यक्रममा पार्टीको झण्डा र राष्ट्रिय झण्डाको प्रयोग गरिनेछ। यससम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**धारा– १०३, नियमावली, विनियम, निर्देशिका र आचारसंहिता**

(क) विधानसँग नबाझिने गरी केन्द्रीय कमिटीले नियमावली, विनियम, निर्देशिका र आचारसंहिता निर्माण गरी लागू गर्न सक्नेछ।

(ख) दोस्रो विधान महाधिवेशन र दशौं राष्ट्रिय महाधिवेशनबाट यस विधानमा संशोधन हुनुअगाडि लागू भएका नियमावली, विनियम, निर्देशिका र आचारसंहितामा उल्लेखित प्रावधानहरू यस विधानमा नबाझिएको हदसम्म क्रियाशील हुनेछन्।

**धारा– १०४, बाधा अड्काउ फुकाउने**

यस विधानको कार्यान्वयनमा कुनै बाधा–अड्काउ पर्न आएमा केन्द्रीय कमिटीले उक्त बाधा–अड्काउ फुकाउनेछ। यसरी बाधा–अड्काउ फुकाएको विषयलाई अनुमोदनका लागि त्यसपछि बस्ने विधान महाधिवेशन वा राष्ट्रिय महाधिवेशनसमक्ष प्रस्तुत गर्नुपर्नेछ।

## अनुसूची– १
(विधानको धारा– २ को उपधारा (क) सँग सम्बन्धित)

## पार्टीको झण्डा

पार्टी झण्डाको लम्बाई–चौडाई ३:२ अनुपातको हुनेछ। झण्डाको भुईं रातो हुनेछ र बायाँपट्टिको माथिल्लो कुनामा सुनौलो रङ्गको हँसिया र हथौडा खप्टिएको हुनेछ।



---

## अनुसूची– २
(विधानको धारा– २ को उपधारा (ख) सँग सम्बन्धित)

## पार्टीको प्रतीक चिन्ह

पार्टीको प्रतीक चिन्ह देहायबमोजिम **रातो किरण** र रातो पृष्ठभूमि भएको सूर्यभित्र **सुनौलो रङ्ग**को हँसिया र हथौडा खप्टिएको हुनेछ :




---

## अनुसूची– ३
(विधानको धारा– २ को उपधारा (ग) सँग सम्बन्धित)

## पार्टीको चुनाव चिन्ह

पार्टीको चुनाव चिन्ह सूर्य देहायबमोजिम हुनेछ :



नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेननिवादी) का लागि निर्वाचन आयोगबाट निर्धारण भएको चुनाव चिन्ह।

**अनुसूची– ४**

(विधानको धारा– ४ (घ) र ५ (ङ) सँग सम्बन्धित)

## पार्टी सदस्य/सङ्गठित सदस्यको शपथको व्यहोरा

म ................................................................................................ नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी)को सदस्य/सङ्गठित सदस्य भएको यस अवसरमा प्रतिज्ञा गर्दछु कि म मार्क्सवाद–लेनिनवाद र जनताको बहुदलीय जनवादलाई मार्गदर्शक सिद्धान्तको रूपमा आत्मसात् गर्दै नेपाली जनता, राष्ट्र, पार्टी र क्रान्तिको हितमा निरन्तर क्रियाशील रहनेछु। पार्टीको सिद्धान्त, कार्यक्रम र नीतिलाई दृढताकासाथ अनुशरण गर्दै पार्टीको विधानलाई इमान्दारीताका साथ पालन गर्नेछु। पार्टीको गोपनीयता तथा एकता जोगाउँदै स्वच्छ एवं नैतिक आचरणयुक्त जीवन बिताउनेछु।

मार्क्सवाद, लेनिनवाद र जनताको बहुदलीय जनवाद – जिन्दावाद !
अमर शहीदहरू – लालसलाम !
नेकपा (एमाले) – जिन्दावाद ! जिन्दावाद !!

हस्ताक्षर : ................................................................................................

नाम : ................................................................................................

ठेगाना : ................................................................................................

फोन नम्बर : ................................................................................................

पार्टी सदस्यता नम्बर : ................................................................................................

मिति : ................................................................................................

## अनुसूची– ५

(विधानको धारा– ६९ को उपधारा (क) सँग सम्बन्धित)

# पद बहाली गर्दा पदाधिकारी र सदस्यको शपथको व्यहोरा

म .................................................................................... नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी)को ............................................................................... कमिटी/निकाय/विभाग/कार्यदलको ......................................................................... पदको जिम्मेवारी लिइरहेको अवसरमा प्रतिज्ञा गर्छु कि म मार्क्सवाद–लेनिनवाद र जनताको बहुदलीय जनवादलाई मार्गदर्शक सिद्धान्तको रूपमा आत्मसात् गर्नेछु । म आफ्नो पदको जिम्मेवारी बहन गर्दा नेपाली जनता, राष्ट्र, पार्टी र क्रान्तिको हितमा निरन्तर क्रियाशील रहनेछु । म पार्टीको सिद्धान्त, कार्यक्रम र नीतिलाई दृढताका साथ अनुशरण गर्दै पार्टी विधानलाई इमान्दारीताका साथ पालन गर्नेछु । पदीय जिम्मेवारीमा रहँदा वा नरहँदा पार्टीको गोपनीयता तथा एकता जोगाउँदै स्वच्छ एवं नैतिक आचरणयुक्त जीवन बिताउनेछु ।

मार्क्सवाद, लेनिनवाद र जनताको बहुदलीय जनवाद – जिन्दावाद !
अमर शहीदहरू – लालसलाम !
नेकपा (एमाले) – जिन्दावाद ! जिन्दावाद !!

हस्ताक्षर : ..........................................................................................

नाम : ..........................................................................................

ठेगाना : ..........................................................................................

पद : ..........................................................................................

फोन नम्बर : ..........................................................................................

पार्टी सदस्यता नम्बर : ..........................................................................................

मिति : ..........................................................................................